जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)

Greater Nepal Weekly

साप्ताहिक

वर्ष ७ अंक ११, २०७५ साल असार १५ गते शुक्रबार, नेपाल संवत् ११३८ (June 29, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## नेपाली श्रमिकको अवस्था गम्भीर

काठमाडौं । नेपालमा रोजगारीको अवसर नभएपछि लाखौं नेपाली कामको खोजीमा विदेशिएका छन् । झन्डै आदि करोडको हाराहारीमा नेपालीहरु विदेशिएका छन् । खाडी राष्ट्र, मलेसिया, कोरिया, जापान, इजरायल लगायतका मुलुकमा नेपाली श्रमिकहरुले कडा मेहनत गरेर मुलुक भित्र्याएको रेमिट्यान्सले मुलुक सञ्चालन भइरहेको छ । दिनै रेमिट्यान्स भित्र्याउने नेपाली श्रमिकको **बाँकी ८ पेजमा**

## सहमतिमा पुग्ला इपिजी बैठक ?

काठमाडौं । नेपाल-भारतबीच देखिएका सीमा लगायतका समस्या तथा विभिन्न सन्धि सम्झौताहरु समयानुकूल परिमार्जनको लागि सुझाव दिन 'नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी) गठन गरिएको थियो । इपिजीका सदस्यहरुले नेपाल तथा भारतमा विभिन्न चरणमा बैठक राखी समस्याहरु बारेमा गम्भीरतापूर्वक छलफल गर्दै आएका छन् । उक्त **बाँकी ८ पेजमा**

# ओलीको चीन भ्रमण औपचारिकतामा सीमित

काठमाडौं । प्रधानमन्त्री केपी ओलीको ६ दिने चीन भ्रमणको चर्चा अझै सेलाइसकेको छैन । रुसमा जारी फिफा वर्ल्डकप फुटबलले समेत ओलीको चीन भ्रमणलाई ओझेलमा पार्न सकेन । 'ओलीले चीनबाट रेल ल्याउने भए चीनले केरुङ-काठमाडौं रेल चलाइदिने भयो । अब नेपाल समृद्ध हुन्छ, नेपाली सुखी हुनेछन्' जताततै चियागफ सुनिन्छ । यता भारतले पनि रक्सौल-काठमाडौं रेल गुडाइदिने तयारी गरिरहेको छ । चीन र भारत दुवै नेपालमा रेल विस्तार गर्न प्रतिस्पर्धा गरेको वर्तमान परिदृश्य छ । ओली नेतृत्वको कम्युनिस्ट सरकारसँग चिनियाँ कम्युनिस्ट सरकार विकासमा साझेदारी गर्दै अगाडि बढ्न तयार देखिएको विश्लेषण पनि सुनिँदैछ । चिनिया रेल र भारतीय रेलले नेपालको कायापलट गरिदिने अक्टोपस भविष्यवाणी गर्नेहरु पनि कम छैनन् । भारतीय रेल त आउला तर चिनियाँ रेल आउने भरपर्दो आधार भने अहिलेसम्म देखिएको छैन । कतै केरुङ-काठमाडौं रेलमार्ग सम्भाव्यता अध्ययनमै सीमित हुने त होइन भन्ने प्रश्न यथास्थितिमा अनुत्तरित नै छ । चिनियाँ राष्ट्रपति सी जिन पिङले चिनियाँ रेल काठमाडौं पुग्छ भनेका छन् तर उनले द्रूत कि छुकछुके रेल केही खुलाएका छैनन् ।

अर्बौं डलरको अनुदानमा नेपालमा चीनले रेल ल्याइदिन्छ भनेर विश्वास गर्नु मौसम र प्रेममा विश्वास गर्नु जस्तै हो । कम्युनिस्ट कम्युनिस्टबीचको भाइचारा सम्बन्धले चीनले रेलमार्ग बनाइदिन्छ भनेर सोच्नुपूर्व ख्याल गर्नुपर्छ चीन विश्वकै नामुद व्यापारिक देश हो । भर्खरै एकताबाट बनेको नेकपालाई चीनले सहजै विश्वास गरेर द्विपार्टी सम्बन्ध मजबुत बनाएको परिस्थिति पनि अहिले छैन । कम्युनिस्ट त चीनको ट्याग मात्र हो, चीन विश्वकै अमेरिकापछिको दोस्रो पुँजीवादी राष्ट्रका रुपमा विश्व समुदायबीच परिचित छ ।

भारतले नेपालमाथि लगाएको अघोषित नाकाबन्दीका बेला राष्ट्रियताका पक्षमा अडान लिएको जस्तो देखिएका ओलीको राष्ट्रवाद भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणसँगै भ्वाङ पर्‍यो । ओलीले मोदीको जुन रुपमा खातिरदारी गरे, त्यसले चीन उनीसँग विश्वस्त हुन सकेन । फोरम फर एसिया बोआओ सम्मेलनलाई



जब ओलीले बहिष्कार गरे चिनियाँ पक्ष नेपाल सरकारप्रति सशंकित हुनु स्वाभाविक थियो । चीनको आशंकालाई चिर्न ओलीले चीन भ्रमण गरे पनि चिनियाँहरुको दिल भने उनले जित्न सकेनन् । समृद्ध नेपाल, सुखी नेपाली भन्ने सस्तो लोकप्रियताको नारा दिएका ओलीले चीन भ्रमणमा रणनीतिक महत्व राख्ने र नेपाललाई फाइदा हुने प्रकृतिका खास सम्झौता गरेनन् । यसअघि ओलीले दुईतिहाई बहुमत प्राप्त शक्तिशाली आफ्नो सरकारले सन्तुलित अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्ध कायम राख्ने बताउँदै आएका थिए । तर चीन भ्रमणमा भएका सम्झौतालाई नियाल्दा प्रधानमन्त्री ओली दुई ठूला छिमेकीबीच सन्तुलित कूटनीतिक सम्बन्ध कायम गर्न सफल भएको देखिएन ।

बेइजिङस्थित ग्रेट अफ द पिपुलमा भएको दुई देशबीचको समझदारीमा चिनियाँ रेल जलविद्युत परियोजना, विभिन्न प्रकारका उद्योग, विद्युत उत्पादन लगायत केही खुद्रा सम्झौता मात्र भए । दूरगामी महत्व राख्ने ऐतिहासिक कुनै पनि सम्झौता भएनन् । प्रधानमन्त्री ओलीले लामो समयदेखि विवादमा रहेको नेपाली भूमि लिम्पियाधुरा लिपुलेकका बारेमा चीनसँग केही पनि कुरा उठाएनन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१५ मा चीन भ्रमण गर्दा नेपालको लिपुलेक इलाका भएर दुई देशबीच व्यापार वाणिज्य अभिवृद्धि गर्ने सम्झौता गरेका थिए । बहुमत प्राप्त सरकारका शक्तिशाली भनिने प्रधानमन्त्रीले उक्त सम्झौता खारेज गर्ने हैसियत राख्ने भए पनि चीनसँग विषय प्रवेश नै गरेनन् । सगरमाथाको उचाइ र दोलखाको लामाबगर-लेप्ची गाउँ उत्तर कोर्लाङपारि टिप्पामा रहनुपर्ने सीमा चिन्हसम्बन्धी विवादका विषयमा समेत ओलीले न त कुरा उठाउन सके ।

ओलीले आफ्नो अघिल्लो सरकारको बेलामा चीनमा गएर यातायात तथा पारवहन सन्धि गर्ने सहमति गरेका थिए । उक्त सहमतिअनुसार सामुद्रिक तथा सुख्खा बन्दरगाह चीनले दिने भनिएको थियो । त्यो प्रोटोकललाई नेपाल-भारत लगायतका मुलुकका पर्यवेक्षकहरुले महत्वका साथ हेरेका थिए । ओलीले पनि यसैलाई भजाएर गएको चुनावलाई आफ्नो पार्टीको अनुकूलतामा पारेका थिए । विशेष गरी तीनवटा बन्दरगाह र दुईवटा सुख्खा बन्दरगाह प्रयोग गर्न चीनले दिने चिनियाँ सहमति **बाँकी ८ पेजमा**

## दाँते २७ औं वर्षमा



काठमाडौं । इटलीमा अध्ययन गरी नेपाल आई इटालियन भाषाको अध्ययन र अध्यापनलाई निरन्तरता दिने उद्देश्यसहित स्थापना भएको दाँते सोसाइटी नेपाल २७ औं वर्षमा प्रवेश गरेको छ । इटालियन आदि कवि दाँते आलिघियरीको नामबाट विश्वभरि नै दाँते सोसाइटीहरु संचालनमा छन् । नेपालमा दाँते सोसाइटीले एक इटालियन पुस्तकालय संचालन गरेको छ भने आफूहरुले अध्ययन गरेको इटालियन भाषा नबिर्सौं भन्नाको लागि भाषा कक्षा तथा भेटघाट कार्यक्रमहरु संचालन गरिने गरिन्छ । यसै क्रममा गत आइतबार असार १० गते सोसाइटीले **बाँकी ८ पेजमा**

## महिलाका लागि भारत खतरनाक

भारत महिलाका लागि विश्वकै सबैभन्दा खतरनाक देश भएको एक सर्वेक्षणले देखाएको छ । ग्लोबल एक्सपोर्टले मंगलबार जारी गरेको एक सर्वेक्षणमा उक्त तथ्य उल्लेख गरिएको छ । उक्त सर्वेक्षणको नतिजामा यौन हिँसा र महिलालाई नोकर राख्नमा भारत सबैभन्दा अगाडी रहेको छ । यो सर्वेक्षण थम्सन-रोयटर्स फाउन्डेसनका तर्फबाट महिला मुद्दामा काम गर्ने ५ सय ५० महिला विशेषज्ञसाग गरिएको हो ।

सर्वेक्षणमा भारत महिला सुरक्षाको मामिलामा युद्धग्रष्त अफगानिस्तान र सिरिया भन्दा पनि पछाडी परेको छ । महिलाका लागि सबैभन्दा खतरनाक देश भारत हो र त्यसपछि मात्र अफगानिस्तान र सिरिया हुन् । त्यसपछि सोमालिया र साउदी अरेबियाको स्थान रहेको छ । रोयटर्सका अनुसार भारतका महिला तथा बाल विकास मन्त्रालयले सर्वेक्षणको नतिजामा कुनै प्रकारको टिप्पणी गर्न अस्विकार गरेको छ । **बाँकी ८ पेजमा**

## डीडीसी दूधमा पनि कोलिफर्म

काठमाडौं- विभिन्न २३ वटा उद्योगका दूधमा हानिकारक जीवाणु कोलिफर्म फेला परेको छ । गत २८ जेठमा कृषिमन्त्री चक्रपाणि खनालको नेतृत्वमा संकलन गरिएका विभिन्न ४२ उद्योगका दूधका नमुनामध्ये २३ वटा उद्योगका दूधमा मलमूत्रमा पाइने हानिकारक जीवाणु कोलिफर्म भेटिएको हो ।

मन्त्रालयका अनुसार सरकारी स्वामित्वको दुग्ध विकास संस्थान, आधुनिक डेरी बालाजु, गल्फु विनायक डेरी काभ्रे, आकृति दुग्ध तथा कृषि बालकोट (अनमोल), जयश्री डेरी काभ्रे (अपर्ण), भक्तपुर डेरी भक्तपुर (भक्तपुर) चौधरी डेलिसियस मिल्क एन्ड वेभरेज (एचडीआई नीलो र रातो) **बाँकी ८ पेजमा**

## नेपालमा रेल सपना र सम्भाव्यताको आधार

भारतीय वन विभागका अधिकारी जेवी कोल्लिएरले सन् १९२३ मा भारतबाट नेपालमा काठ ओसार्न छाटो र साँघुरो गेज रेल निर्माण गरे । नेपालका तत्कालिन राणा प्रधानमन्त्रीद्वारा उनै जेवी कोल्लिएरलाई नेपाल वन विभाग व्यवस्थापन गर्न जिम्मा दिइयो ।

सन् १९२४ को हिउँदमा कोलकत्ताको मार्टिन एन्ड कम्पनीले भारतीय सीमा क्षेत्रबाट नेपालको बीचको (अमलेखगन्ज) सम्म रेल्वेको सर्भे गरेको थियो । जसको निर्माण कार्य सन् १९२६ को मार्च महिनामा शुरु भएको थियो र नेपाल सरकारले रेल्वे १६ फेब्रुअरी १९२७ खोलेको थियो । साँघुरो गेज रेलमा (७६२ एमएम) २ फिट ६ इन्च ट्र्याक प्रयोगमा ल्याइएको थियो । रेल्वेमा ७ वटा स्टिम लोकोमोटिव इन्जिन १२ वटा कोच र ८२ वटा रेलको डब्बा (वैगन) रहेका थिए । यो संयुक्त अधिराज्य बेलायतको बेयर, मयूर र कम्पनीद्वारा निर्मित जलवाष्प सञ्चालित गैराट लोकोमोटिव इन्जिनबाट सञ्चालनमा ल्याइएको थियो ।

नेपाल सरकार रेल्वे सेवा सन् १९६५ सम्म सञ्चालनमा थियो । तर, आधुनिक पूर्वपश्चिम राजमार्गको ट्र्याक खुलेपछि त्यसको निर्माण कार्यले त्यो बन्द हुन पुग्यो । राजमार्ग निर्माण हुनुअघिसम्म, अमलेखगन्ज-रक्सौल रेल्वे सेवा राजधानी काठमाडौंबाट भारत जोड्ने एक मात्र मार्ग थियो ।

काठमाडौंबाट यात्रीहरु पहाडमा पैदल यात्रा गर्दै डाँडाकाँडा छिचोलेपछि गोरुगाडा चढेर अमलेखगन्ज पुगेपछि रेलमार्फत भारत जाने गर्थे । सन् १९५६ मा त्रिभुवन राजपथको निर्माण सम्पन्न पश्चात् भने काठमाडौंबाट अमलेखगन्जसम्मको पैदल यात्राको अन्त्य भयो । नेपाल परिवहन सेवा नामको एक निजी कम्पनीले १९५९ मा पहिलो दैनिक बस सेवा शुरु गर्‍यो ।

यदि हामीप्रति यात्री दुरी समान व्यवसाय अनुपातमा परिवहनको लागि उर्जा खर्चलाई आधार मानेर लिस्वन (पोर्चुगल) शहरी क्षेत्रको उदाहरण हेर्दा यात्रीको यातायातका लागि विद्युतीय रेल यात्रा गर्दा अटोमोबाइलभन्दा २० गुणाभन्दा बढी उर्जा बचत र किफायती रहेको देखिन्छ । तीव्र गतिका यस्ता यातायात साधनहरुले लामो दुरीको सडक वा हवाइ उडानलाई पनि प्रतिस्थापन गर्ने देखिन्छ । ठूलो मात्रामा कृषि सामग्री, कोइला, विविध समान तथा पार्ट पुर्जाहरु उत्पादन केन्द्रजस्तै खानी र कृषि क्षेत्रबाट बन्दरगाह र विमानस्थालमा ढुवानी गर्नुपर्दा रेल्वेमा बढी उर्जा किफायती हुन्छ ।

रेलमा सार्वजनिक निजी साझेदारीले लगानी, सञ्चालन दक्षता, आधुनिक र आधुनिक प्रविधिको अवसर ल्याउन सक्छ । सार्वजनिक निजी साझेदारी परियोजनामा रेल्वे ट्र्याक साझा उपयोगका लागि उपलब्ध गराउन सकिन्छ भने सरकार र निजी लगानीकर्तालाई कार्य दक्षता लाभ र राजश्वको एउटा ठूलो आधार हुन सक्छ ।

यसबाट सार्वजनिक निजी साझेदारी परियोजनामा लगानी **बाँकी ८ पेजमा**

## हार्दिक समवेदना



हाम्रा अनन्य मित्र डा. भुपेन्द्र देवकोटाका सहोदर दाजु तथा नेपालका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त न्युरो सर्जन डा. उपेन्द्र देवकोटाको असामयिक निधन भएको छ । राष्ट्रले व्यहोर्नु परेको यस अपुरणीय क्षतिको दुःखद क्षणमा मृतात्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना अर्पण गर्दछौं ।

सुरेन्द्र ढकाल एवं
ग्रेटर नेपाल साप्ताहिक परिवार
तथा
नेपाल जर्मन एकेडेमिक एसोसियसन परिवार

## हार्दिक निमन्त्रणा

यस **ग्रेटर नेपाल साप्ताहिक**को
छैठौं वार्षिकोत्सव
यही असार ३० गते शनिबार दिनको १ बजे
नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना हुँदैछ ।
राष्ट्रवाद/पर्यावरणको संरक्षण तथा सामाजिक विकासमा उल्लेख्य योगदान गर्ने राष्ट्रिय व्यक्तित्वलाई सम्मान गरिने यस कार्यक्रममा यस पत्रिकाका वार्षिक ग्राहक, विज्ञापनदाता, शुभेच्छुक एवं सहयोगी सबैलाई हार्दिक आमन्त्रण गरिन्छ ।

*(समारोहपश्चात् जलपानको व्यवस्था पनि गरिएको छ)*




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली
सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# विद्यालय शिक्षामा सुधारको खाँचो

एउटा बालकको जीवनको आधार स्तम्भ तयार पार्ने काम विद्यालय शिक्षाले गर्छ। विद्यालय शिक्षाको जग जति बलियो बन्यो त्यति नै उच्च शिक्षाको आधार बलियो बन्छ भने भविष्यका कर्णधार युवाहरूलाई सही बाटोमा लाग्ने मार्गनिर्देशन पनि विद्यालय शिक्षाले गर्छ। त्यसैले आधार भूत शिक्षा अथवा शिक्षाको जगका रूपमा रहेको विद्यालय शिक्षालाई सिकाइका उपलब्धि स्पष्ट रूपमा झल्किने खालको र जीवनको लक्ष्य प्राप्तिको सोच विद्यार्थीमा पलाउने खालको बनाउन जरूरी छ। जसका लागि स्कुलमा राम्रो शैक्षिक वातावरण, योग्य शिक्षक, लगनशील विद्यार्थी हुन जरूरी छ। एउटा राम्रो शिक्षक विद्यार्थीको रोल मोडल बन्न सक्छ। शिक्षकका क्रियाकलापहरू विद्यार्थीले नियालिरहेको हुन्छ। चरित्रवान, विषयवस्तुको जानकार, पेशाप्रति इमानदार व्यक्तिले मात्र असल शिक्षकको भूमिका निर्वाह गर्न सक्छ। काँचो माटोका रूपमा रहेका बालबालिकालाई आकार दिएर एउटा शिक्षकले परिपक्व बनाउन सक्छ। पढाइको गुणस्तरको उत्तरदायित्व शिक्षकले बहन गर्न सक्नुपर्छ।

एसएलसीबाट परिवर्तन भएर एसईई बनेको विद्यालय तहको महत्वपूर्ण परीक्षाको परीषाफल गत हप्ता सार्वजनिक भएको छ। उक्त परीक्षाफलमा करिब साढे चार लाख विद्यार्थीमध्ये १४ हजारले मात्र ए प्लसको उत्कृष्ट नतिजा हात पारेका छन्। यत्रो ठूलो सहभागी संख्यामा यति सानो संख्याले मात्र उत्कृष्ट नतिजा ल्याउनुको पछाडि विभिन्न कारणहरू हुन सक्छन्। सबैभन्दा ठूलो कारण त सिकाइको स्तर खस्कनु नै हो।

ताप्लेजुङको एउटा विद्यालयमा काम गर्ने शिक्षकले नयाँ परीक्षा प्रणाली सुरू भएपछिको आफ्नो अनुभव सुनाउँदै बताएका थिए- 'कोही फेल नै नहुने भएपछि किन पढ्नुपर्‍यो भन्ने भावना विद्यार्थीमा पैदा भएको छ। वास्तवमा अहिलेको परीक्षा प्रणालीले कोही फेल हुँदैन। तर पास भए पनि त्यो तल्लो ग्रेडको भए भने कतै काम लाग्दैन र उच्च शिक्षाबाट वञ्चित हुन्छन्। प्लस टुको साइन्स, मेनेजमेन्ट, आर्ट सबैको भर्ना भएर पढ्न पाउने मापदण्ड तोकिएको हुन्छ। अहिलेको नतिजाले झन्डै ५० प्रतिशत विद्यार्थी उच्च शिक्षाबाट वञ्चित हुने अवस्था आएको छ।

शिक्षा मन्त्रालयका अधिकारीहरूका लागि निजी विद्यालयले ल्याउने उत्कृष्ट नतिजा सधैं टाउको दुखाइको विषय बन्ने गरेको छ। विगतको परीक्षा प्रणालीअनुसार निजी विद्यालयका विद्यार्थीहरू नै बढी पास हुने र राम्रो श्रेणीमा नतिजा ल्याउने गरेका थिए। शिक्षामा ठूलो लगाानी भए पनि कमजोर नतिजा आएको प्रति शिक्षा क्षेत्रका जिम्मेवार अधिकारीहरूको आलोचना हुन थालेपछि उनीहरू फेलै नहुने प्रणाली भित्र्याउने बाटोमा लागे। बिना तयारी भित्र्याएको लेटर ग्रेडिङ सिस्टम अहिले चौपट भइरहेको छ। नतिजा प्रकाशित गर्दा समेत परीक्षा बोर्डले गम्भीर त्रुटि रहेको छ भने सबैलाई पास घोषणा गर्ने प्रचलनले प्रतिस्पर्धाको भावना हटाइदिएको छ।

हाम्रो शिक्षा प्रणाली कमजोर भएकै कारण हाम्रा उत्पादनहरू अरबको मजदुर बन्न र भाषा परीक्षाको प्रतिस्पर्धा पास गरेर कोरियाको मजदुर बन्ने बाटोतर्फ आकर्षित भइरहेका छन्। व्यावसायिक शिक्षाको अभाव, विद्यालय शिक्षकहरूमा राजनीतिको गहिरो अभिरूचि, शिक्षा मन्त्रालय अन्तर्गतका अधिकारीहरूको गैरजिम्मेवारीपनाले शिक्षाको जगका रूपमा रहेको विद्यालय शिक्षाको अवस्था दिनानुदिन खस्किरहेको छ। राज्यको अर्बौंको लगानी बालुवामा पानी हुनबाट बचाउन सबै पक्ष जिम्मेवार बन्नेपर्ने हुन्छ।

## दृष्टिकोण

# नेपालले विश्व व्यापार संगठनको सदस्यता त्यागदा हुन्छ




**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

विश्व ब्यपार संगठनको सदस्यता लिनुको राष्ट्रिय श्वार्थ भनेको विश्व वजारमा आफनो देशको गुणस्तरीय वस्तु प्रतिष्पर्धात्मक मूल्यमा विक्री गरी निर्यात वढाइ देशको आर्थिक विकाश गर्नु हो । शीत युध्दको अन्त्य संगै विकाश सहयोग (Development Cooperation) को अन्तर्राष्ट्रिय राजनीति अन्त्य भइ विकशित राष्ट्हरुले अव सहयोग होइन ब्यपार (Trade Not Aid) भन्न थालेकाले विश्व ब्यपार संगठनको जन्म भएको थियो । नेपाल जस्तो राष्ट्र जस्को विदेशी वजारमा विक्रि गर्ने वस्तुनै छैन भने के निर्यात गर्ने ? सरकारी गलत निर्यात नीतिको कारण एकताका वेस्सरी निर्यात वढेको गलैचा उद्योग, त्यसपछिको पश्मिना उद्योग, हस्तकलाका सामग्रीहरुको निर्यात ८५ प्रतिशतको हाराहारीमा घटीसकेको अवस्था छ । अहिलेको नेपालको आयात निर्यातको अनुपात १:१४ रहेको छ र भनाइको मतलव नेपालले एकसय डलरको निर्यात गर्दा चौधसय डलरको आयात गरिराखेको अवस्था छ । अंकमा भन्नु पर्दा नेपालले ३३ अरव रुपैयाको निर्यात गर्दा ४३३ अरव रुपैयाको आयात गरिराखेको छ । यसप्रकार नेपाल आयात निर्यात अनुपातको प्रतिशत हेर्दा संसारकै सबैभन्दा ठूलो ब्यपारघाटा भएको मुलुक वन्न पुगेको छ । यो ४३३ अरव रुपैयाको आयात गर्ने विदेशी मुद्रा नेपालमा कहाबाट आयो भन्दा विदेशमा नेपाली कामदारहरुले कठीन, खतरनाक र फोहरी काम गरी देशमा पठाएको विदेशी मुद्रा, विदेशी पर्यटकहरुले नेपालमा आएर सटही गरेको विदेशी मुद्रा, विदेशी सहयोग र लगानी बाट प्राप्त विदेशी मुद्रा र थोरै निर्यातबाट कमाइ गरेको विदेशी मुद्रा पर्दछ । यसरी प्राप्त विदेशी मुद्राबाट नेपालले पेट्रोल, ग्यास, डिजेल मट्टीतेल, मोटर र मोटरका स्पेयरपार्टस, विलाशिताका वस्तुहरु, औषधी मात्र नभै पछिल्ला वर्षहरुमा खाद्यवस्तु याने अन्न फलफुल र तरकारी समेत आयात गरी त्यसबाट उठेको भन्सार राजश्वले देश चलाइ रहेको छ ।

नेपालले विश्व ब्यपार संगठनमा सदस्यता लिएपछि अति कम विकसित राष्ट्रभएको कारण नेपाली वस्तु आयात गर्ने युरोप, अमेरिका तथा एसिया अनि अष्ट्रलिया महादेशका राष्ट्हरुले नेपाललाई जिएसपि सुविधा प्रदान गरेका छन् । भनाइको मतलव शुन्य भन्सार दरमा नेपालले ति देशहरुमा आफ्नो वस्तु निर्यात गर्न सक्तछ । तर खोइ त यस्तो सुविधाबाट नेपालले निर्यात वढाइ आयात घटाएको देखिदैन ? झन झन वर्षैनि निर्यात र आयातको विचको खाडल चौडा हुदैछ । केही वर्ष अघिसम्म धान चामल निर्यात गर्ने नेपाल अहिले त्यो पनि आयात गरिराखेको छ । यही विश्व ब्यपार संगठनमा सदस्य भएको कारण नेपाली वस्तु नेपाली वजारमा विदेशी वस्तुसंग मूल्य र गुणस्तरमा प्रतिष्पर्धा गर्न नसकेको कारण नेपालका उद्योगहरु धमाधम वन्द हुन पुगेका हुन् । विश्व ब्यपार संगठनको सदस्य नभएको अवस्थामा नेपालको ब्यापारघाटा त्यति कहाली लाग्दो थिएन किनकी स्वदेशमा उत्पादित वस्तुलाइ राज्यले संरक्षण गरेको कारण तिनीहरु विदेशी वस्तु भन्दा सस्ता थिए र नेपाली उद्योग पनि चलेको थियो ।

संरक्षणवाद याने (Protection Regime) को अन्त्यसंगै नेपाली उद्योगहरु धराशायी हुन पुगे र सरकारको लागि वोझ सावित हुन पुग्दा निजिकरणको नाममा सरकारले ती उद्योगहरुलाई कौडिको मूल्यमा विक्रि गरिदियो । एकातर्फ निर्यातप्रवर्द्धन गर्ने नीति सरकारसंग नहुनु अनि अर्को तर्फ मूल्य र गुणस्तरमा प्रतिष्पर्धा गर्न नसकी स्वदेशी उद्योगहरु वन्द हुनाको कारण पहिले गोर्खा सैनिक र भारतका वेश्यालयहरुमा नेपाली तरुनीहरु निर्यात गरेको नेपालले पछिल्ला वर्षमा आएर विदेशमा नेपालीलाई रोजगारीमा पठाउन थाल्यो । अहिले ४० लाख भन्दा वढी नेपालीहरु विदेशमा काम गरी नेपालमा पैशा पठाइरहेको र देश खास अर्थ त्यही पैशाबाट चलीरहेको अवस्था छ । वस्तुको निर्यातले आयातलाई सन्तुलन गर्न नसकेको अवस्थामा नेपाललाई विश्व ब्यपार संगठनको सदस्यताको कुनै आवश्यकता छैन । चीनले जस्तो सस्तोमा गुणस्तरीय वस्तु निर्यात गर्दाको अवस्थामा त अमेरिकाले विश्व ब्यपार संगठनको नीति नियम विपरित चीनको वस्तुमाथि एकतर्फि रुपबाट भन्सार लगाई विश्व ब्यपार संगठनको धज्जी उडाएको अवस्थामा निर्यात नै गर्न नसक्ने नेपाललाई किन चाहियो विश्व ब्यपार संगठनको सदस्यता ? यो सदस्यता त्यागेमा नेपालले नेपाल आयात भइ आउने विदेशी वस्तुमा आफूले चाहेको प्रतिशत भन्सार लगाइ स्वदेशी उत्पादनलाई संरक्षण गर्न सक्तछ भने जुन देशले नेपाली वस्तु आयात गर्न चहान्छ त्यसो गर्न द्धिपक्षिय ब्यपार संझौता काफि हुन्छ भने किन चाहियो नेपाललाई विश्व ब्यपार संगठनको सदस्यता जस्को कारण नेपाले कहिले नभएको ब्यपारघाटा ब्यहोर्नु परिरहेको छ । यही कारणले गर्दा भुटानले अहिलेसम्म विश्व ब्यपार संगठनको सदस्यता लिएको छैन । अर्को तर्फ नेपालको आयात निर्यात ठूलो अंश भारत र चीनसंग मात्रै भएको हुदा त्यस्को लागि पनि विश्व ब्यपार संगठनको सदस्यता जरुरी छैन । तसर्थ नेपालले विश्व ब्यपार संगठनको सदस्यता त्याग्दा हुन्छ ।

# ग्रेटर नेपाल (४)



**जगदीश लामिछाने**
रौतहट, पौराई

यो रचनाको शीर्षक र प्रकाशक साप्ताहिकको नाम एउटै परेको छ । अघिल्ला समयमा यो हरफकर्ता सि.०५३।५४ देखि दिव्यचक्षु साप्ताहिकको 'विद्रोही स्वर' नामक स्तम्भ लेखमा हिमालपारि तिब्बत चीनसम्म ५ सडक युद्धस्तरमा बनाउँ भनी छाप्दै थियो ।

यो पत्रिका प्रकाशक/सम्पादक सुरेन्द्रप्रसाद ढकाल २०४७ देखि नै ग्रेटर नेपालका अभियन्ता हुनाले यो नाम स्वीकृत मात्र भएको छैन यस सम्बन्धमा भारत नेपाल दुवैले आफ्ना प्रबुद्ध समूह समेत गठन गरिसकेकाले निकै सजिलो भएको छ । पहिले अनकनाउने व्यक्ति र संस्था पनि आफूखुसी ग्रेटर नेपाल समर्थक हुँ भन्न लागेका छन् । यसको पहिलो पुष्प २०७१।९।११ मा र दोस्रो पनि त्यसैतिर लेखिएको हो । तेस्रो पुष्पमा कानुनी व्यापक छलफलसहित पस्किन पाएको विशेषज्ञहरुको सहयोग भएर नै हो ।

यतिमात्र होइन भारतलाई सजिलोको लागि गोरक्षा र गोर्खाल्यान्ड २०७१ चैत २०, २०७२ फागुन २१, २०७३ भदौ १७ र २०७४ भदौ २३ मा लेख्दा पनि सकारात्मकता नदेखिएपछि यही ग्रेटर नेपाल तेस्रो लेख्नु परेको हो । अहिले भारत र चीन दुवैले काठमाडौं छुने गरी रेल ल्याउने कुरा गर्दैछन् । नेपालले पनि ल्याउन सकिने देखिँदै गएको छ । यसबखत यस्तो बिजोकको खुला आवतजावत भारतसँग राख्दा कुनै हालतमा पनि सहज हुने छैन । उत्तरी चीनले पनि त्यस्तै खुला चाहन बेर लगाउँदैन । यसैले उत्तर र दक्षिण जस्को यान भए पनि सीमामा नै रोकेर नेपाली हितअनुकूल छ छैन जाँच्नु नै पर्छ । यसैले २०७४ भदौ १६ मा प्रकाशित व्यापक कानुनी छलफलसहित लेखिएको हो ।

अहिले कसैले बचाउ गरे कोही दच्किए । यसैबीच भर्खरै ६४ वर्षको उमेरमा २०७५ असार ४ गते दिवंगत हुनुभएका न्युरो सर्जन डा. उपेन्द्र देवकोटाको अप्रकाशित २०७३।१२।१४ को अन्तर्वार्ता २०७५।३।९ मा प्रकाशित भयो । त्यसमा २०५८।२।१९ को नारायणहिटी हत्याकाण्ड कर्ता पहिलो माओवादी, दोस्रो सेना तेस्रो इन्डिया संकेत गरेकै देखिँदा पूर्वराजा ज्ञानेन्द्रलाई पनि नेपाली राजनीतिमा समावेश गराउँदा बेस हुने थियो । अहिले पुनरुक्ति नै भए पनि उक्त भदौ १६ को प्रसंग र त्यसमा उठेको टिप्पणी समाधान पेश गरिन्छ ।

कुनैमा पनि भारत चीनको विरोध होइन, आफ्ना हक र मर्का मात्र उठाइन्छ । हाम्रा राजनीतिक दलहरुले अब त दोधारेमा नपरी नेपाल चीन र भारतसहित ग्रेटर नेपाल खडा गरौं भन्नुपर्ने हो । लाखौं हस्ताक्षर सप्रमाण प्रतिवेदनसहित संसदमा बुझाएको कुराको समर्थन (पहिलेको) २०४७ को नेपालकै संविधानमा पनि सांकेतिक छँदाछँदै तलबजीवी संसद किन चुप छ ? त्यहाँ भारत र चीन दुवैले नेपाल बराबर बाँडी खाउँला भन्ने तत्व घुसेको छ कि भन्ने शंका उठ्न लागेको छ । नत्र हाम्रै राष्ट्रपतिले सार्वभौमिक हक भएको कोसी बाँधको ढोका खोल्ने साँचो किन नेपालसँग छैन ? भनी साधिकार आफ्ना प्रधानमन्त्रीसँग सल्लाह गरेको अहिले २०७४ को तराईको बाँढीपीडित सम्बन्धमा सुन्नुपर्ने थिएन ।

अब त हाम्रै चीन भारत र नेपालकै सुरक्षाको लागि नेपालमा चीनको रेल भित्रिँदा नेपालको नै साधिकार व्यवहार नेपालमै र भारतको रेल मोटर जे भित्रिन्छ नेपालको अधिकार हुने गरी हाम्रो वि.सं. १८१५ सम्मको ग्रेटर नेपाल बेलायतबाट फिर्ता भएको १ इन्च जग्गा पनि भारतमा रहन पाउँदैन । बरु सबैको भलो हुने गरी व्यवस्था गरौं भन्नुपर्ने बेला भयो ।

पाकिस्तानको जहाजलाई इन्दिरा गान्धीले भारतकै आकाश भएर उड्न पाउँदैन भनी भारतले रोक लगाएपछि पूर्वी पाकिस्तान बंगलादेश भएको सबैलाई थाहै छ । हामीले यो क्षेत्रमा सबै मिलेर सबैको रक्षार्थ ग्रेटर नेपालबारे भन्दा थाहा नभएजस्तो नगरौं भनेका हौं । जुन बेला सिक्किम थोरै समयका लागि भारतले आफूमा गाभेको थियो त्यसै बेला चतुर पातालपुरीका हेनरी किसिंजर कूटनीतिज्ञले अब नेपालको पालो भनी अमेरिकामै भनेको पनि पाठक आफैंले उसैबेला पढ्नुभएकै हुनुपर्छ ।

इ.सं. १९५१।५२ मा एउटा लुकुवा मान्छेमार्फत युवराज महेन्द्रले चीन पठाएको पत्र र केही मान्छेमार्फत चीनको जवाफ जसरी नेपाल र चीनको वर्तमान युग प्रवर्तक आधार हुन् त्यसैगरी अरनिको तथा महेन्द्र राजमार्ग पनि नेपालका दुई आधार नै हुन् ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–७

जहाँसम्म 'स्टालिनकालीन सोभियत रूसमा लाखौं निर्दोष मान्छेहरू मारिए' भन्ने सवाल छ, त्यसको वास्तविकता जान्नु निकै आवश्यक छ ।किनभने समाजवादी सोभियत रूसलाई भित्रैबाट ध्वस्त पार्न साम्राज्यवादीहरूले त्यहाँका प्रतिक्रियावादी तत्त्वहरूसँग साँठगाँठ गरी अनेकौं प्रयास गरे ।अरू त अरू, लेनिन, स्टालिनजस्ता शिर्षस्थ नेतृत्वकै ज्यान लिनेसमेत कोसिस भयो । साँच्चिनै लेनिनलाई गोली हान्न उनीहरू सफल भए, जसका कारण गम्भीर घाइते भएका लेनिनको निधन त्यसकै चोटले भयो । पुल, भवन, कलकारखाना, औद्योगिक प्रतिष्ठानहरू बमले ध्वस्तपार्ने, अन्नबाली जलाउने,पशुपक्षी फर्महरूनष्ट गर्नेजस्ता अपराधपूर्ण क्रियाकलाप गर्ने कुतत्त्वहरूलाई स्टालिनकालीन सोभियत सरकारले ज्यान सजाय दिएको हो ।तिनीहरू विदेशी पुँजीपति र सामन्तहरूका नजरमा असल, इमानदार र निर्दोष थिए भने सोभियत जनताका आन्तरिक शत्रु थिए ।यो कुरा प्रस्ट हो कि जनताका शत्रुकम्युनिस्ट पार्टीको नजरमा क्षमा गर्न नसकिने अपराधी थिए ।तर त्यहाँ केही राजनीतिक नेता र कार्यकर्ताहरू, प्रहरी र सैनिक अधिकारीहरूलगायत विविध विभागका उच्चव्यक्तिहरू पनि मारिएका छन् । योमननीय सवाल हो ।

सोभियत रूसले विश्वभर मजदुर, किसान वर्गको राज्यसत्ता स्थापनाका लागि भगीरथ प्रयत्न र संसारभरका जनतालाई प्रोत्साहन गरेको थियो । त्यसरी नै विश्वका पुँजीवादीहरूले पनि सोभियत रूसभित्रै मजदुर वर्गको सत्ता पल्टाउन अनगन्ती प्रयास र त्यहाँका कम्युनिस्ट विरोधीहरूलाई प्रोत्साहन गरे । यी कुरा वर्गीय समाजमा बिलकुल स्वाभाविक हुन् । यस्तो चालबाजीमा सोभियत रूस त्यति सफल भएन, जति विश्वका पुँजीवादीहरू सफल भए ।यो कुरा आजको विश्वको अवस्थाले छर्लङ्ग पारेकोछ ।

पुँजीवादी र सामन्तवादी मुलुकका शासकहरूकम्युनिस्ट पार्टीका सच्चा नेता र इमानदार कार्यकर्ताहरूलाई जसरी जेलमा कोच्छन् कि त मार्छन्, त्यसरी नै मजदुर–किसानका प्रतिनिधि अथवाकम्युनिस्टशासकहरू पनि प्रतिक्रियावादको प्रतिनिधित्व गर्नेहरूलाई बाँकी राख्दैनन्–कि त जेलमा राख्छन् कि त ज्यान सजाय तोक्छन् ।तर यस्तो सजाय दिने विषयमा पुँजीवादीहरू आफ्नो ठाउँमा जति दक्ष छन्,कम्युनिस्टहरूत्यति छैनन् । किनकि पुँजीवादी मुलुकमा जेल र ज्यान सजाय पाएका व्यक्तिहरू प्राय:उनीहरूका साँच्चिकै शत्रुहरू हुन्छन् तर कम्युनिस्ट समाजमा जेल र ज्यान सजाय पाएकाहरू सामन्त र पुँजीपतिहरूका प्रतिनिधि मात्र नभईकहिलेकाहीँ आफ्ना मान्छेहरू पनि पर्दा रहेछन् । हो, स्टालिन कालमा केही साँच्चिकै निर्दोष र सच्चा जनसेवकहरू पनि मारिएको हुनुपर्छ । तर के त्यसको दोष स्टालिनको थाप्लोमाथि नै पर्छ ? कदापि पर्दैन । किनकि स्टालिन एक व्यक्तिको आदेशले ती व्यक्तिहरूलाई ज्यान सजाय दिने अधिकार थिएन ।त्यस विषयमा त कानुन नै बनेको थियो, त्यसैका आधारमा सजाय तोकिन्थ्यो । जस्तै, ट्राटस्कीको नेतृत्वमा सत्ता रहेको बेला स्टालिन नेतृत्वको सोभियत राज्यसत्ता ध्वस्त पार्ने षड्यन्त्रमा संलग्न पार्टी, सेना, सरकार, प्रहरी, कम्युनका सयौं नेतृत्वहरूलाई राज्य विप्लव विरूद्धको अपराधमा ज्यान सजाय दिइएकोथियो । यसमा स्टालिनकी श्रीमतीसमेत थिइन् ।यसमा कतै गल्ती अर्थात् विराम हुन्छ भने पार्टीको केन्द्रीय समिति जबाफदेही हुन्छ,स्टालिन एक व्यक्ति मात्र होइन ।

स्टालिन कालमा पार्टीभित्रकाख्रुस्चोभहरूलेकैयौं निर्दोष र असल व्यक्तिहरूलाई जानाजान मारेको हुनुपर्छ । यसो गर्दा उनीहरूलाई दोहोरो फाइदा पुग्थ्यो–

पहिलो– आफ्ना व्यक्तिगत शत्रु मास्न पाइयो ।

दोस्रो–स्टालिनप्रति जनतामा अनास्था जगाउन पाइयो ।

वास्तवमा स्टालिनले आफ्नो व्यक्तिगत स्वार्थका लागिकेही गरेको थिएन । उनले जे गरे, विशाल सोभियत जनताका लागि गरे; विश्वका शोषित, पीडित आमजनताका लागि गरे ।त्यही कारणले स्टालिन सोभियत बहुसङ्ख्यक जनताको हृदयमा बाँचिरहेका छन् र विश्वका आममुक्तिकामी, शान्तिप्रेमी, धरतीप्रेमी जनताको हृदयमा पनि सदासदा बाँचिरहनेछन् ।

इरानी राजा शाहले व्यक्तिगत स्वार्थ पूर्तिका लागि लाखौं इरानी देशभक्त, न्यायप्रेमी जनताको हत्या गरी अरबौं डलर धन हातपारे ।

(क्रमशः)

# मैले देखेको बाउन्नौं विश्व सम्पदा :
# बाथको रोयल क्रेसेन्ट

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा ३० घरका लहर यस्तो देखिन्छ



माथिबाट हेर्दा रोयल क्रेसेन्टको ३० वटा घरको लहर यस्तो देखिन्छ



रोयल क्रेसेन्टको छतमा सुरेन्द्र सन् १९८९



घरभित्रको प्राकृतिक तातोपानीको नुहाउने स्थल




घरभित्रको महँगो पाहुना कक्ष



घरको भित्तामा टाँसिएका फलामका लालटिनहरू



घरको मुख्य मोहोडा



हरियाली गाउँको बीचमा रहेको सानो क्रेसेन्ट सहर



रोयल क्रेसेन्टसँगै रहेको भिक्टोरिया पार्क

ग्लोस्टरको क्याथेड्रल अवलोकन गरिसकेपछि हामी ब्राइटनतर्फ लाग्यौं । ब्राइटनमा विश्वप्रख्यात रोयल क्रेसेन्ट शाही स्नानग्राम अवलोकन गर्नेतर्फ लाग्यौं ।

**बाथको रोयल क्रेसेन्ट**

रोयल क्रेसेन्ट ३० वटा खुला छत भएको एक अर्कासँग जोडिएको घरको लहर रहेछ । इंगलैण्डको बाथ भन्ने शहरमा रहेको यो ऐतिहासिक महत्वको घरको डिजाइन जो उडले १७६७ मा गरेका रहेछन् । यसलाई जर्जियन वास्तुकलाको संयुक्त अधिराज्य बेलायतमा भएको अनुपम प्रस्तुति मानिदो रहेछ । समयको दौरानमा यी घरहरुको भित्री भागका संरचनाहरुमा धेरै परिवर्तन भए तापनि यसको मोहडामा भने आजसम्म कुनै परिवर्तन नभै जस्ताको तस्तै राखिएको रहेछ । यस घरमा बेलायतका सुविख्यात व्यक्तित्वहरु बसेका रहेछन् भन्ने कुरा त्यस घरमा टाँसिएका तिनीहरुका नामहरु र बसेको अवधिले पुष्टि गर्दो रहेछ । यी ३० घरहरुमध्ये १० वटा पुरै पाहुनाहरुको घर र १८ वटा विभाजन गरी शहरी पाहुना परिवार निवास (फ्ल्याट्) बनाइएको र एउटा ठूलो कोठा रोयल क्रेसेन्ट म्युजियमको लागि दिइएको र बीचको एउटा ठूलो १६ नम्बरको घरमा भने रोयल क्रेसेन्ट होटल बसेको रहेछ । पहिले यस घरहरुको नामको अगाडि रोयल अथवा शाही नाम जोडिएको रहेनछ तर पछि अठारौं शताब्दिमा बेलायती राजकुमार फ्र्डरिक ड्युक अफ योर्कले त्यही १६ नम्बरको घर भाडामा लिएर बसेको हुनाले त्यसपछि यस घरको नाम अगाडि रोयल जोडिएको रहेछ । गाउँमा भएको शहर "*rus in urbe*" (the country in the city) भनेर बेलायतीहरुले यो ठाउँलाई भन्दा रहेछन् । हुन पनि यी घरहरुको छतबाट हेर्दा हरिया कृषियोग्य भूमिबाहेक केही देखिँदो रहेनछ । यो घरको अगाडिको मोहडाको नाम महारानी एन र पछाडिको मोहडाको नाम महारानी एन राखिएको रहेछ । पछि १९ औं शताब्दिमा आएर यी घरहरुका बाहिरपट्टिका भित्ताहरुमा फलामका लालटिन टाँस्ने काम गरिएको रहेछ । दोस्रो विश्वयुद्धताका गरिएको बम हमलाको कारण २ र १७ नम्बरका घरहरुमा क्षति पुगेको रहेछ । विश्वयुद्धपछि क्षतिग्रस्तहरु जिर्णोद्धार गरी बाथको शहर परिषद केही समयको लागि त्यहाँ बसेको रहेछ पछि घरको पुरातात्विक महत्वलाई दृष्टिगत गरी परिषदलाई त्यहाँबाट हटाइएको रहेछ । प्राकृतिक तातोपानीको मुहानसहितको घर भएको हुँदा तातोपानीमा डुबुल्की मारी स्वास्थ्य प्रवर्द्धन गर्न पाइने, मनोरम ग्रामीण प्राकृतिक दृश्य अवलोकन गर्न पाइने अनि प्राचीन घरको कोठाभित्र अत्याधुनिक सुविधासहित बस्न पाइने यी घरहरु संसारका सबै होटलभन्दा महँगा रहेछन् । हामीले तातोपानीको मुहान, घरलाई बाहिरबाट र भित्रका कोठाहरु हेरेर चित्त बुझायौं । तत्पश्चात हामी यस घरहरुसँगै रहेको ब्राइटनको सबैभन्दा ठूलो भिक्टोरिया पार्क अवलोकन गर्नेतर्फ लाग्यौं । रोयल क्रेसेन्टमा आउने पर्यटकहरु सबैजसो त्यो पार्क अवलोकन गर्न पनि जाँदा रहेछन् ।


सन् १८३० मा महारानी भिक्टोरिया ११ वर्षकी युवराज्ञी छँदै यस पार्कको उद्घाटन गरेकी रहिछन, त्यस्को सात वर्षपछि उनी बेलायतकी महारानी बनिन् अनि त्यो पार्क त्यसैकारण उनको नामबाट राखिएको रहेछ । ५७ एकड जमिनमा फैलिएको यो पार्कमा टेनिसकोर्ट, गल्फमैदान, वालउद्यान, पौडी पोखरी अनि वनस्पती उद्यान पनि रहेछ ।

**दाँते सोसाइटी नेपाल**
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

**Office Equipment Problems?**
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

**स्वस्थ, सबल र समृद्ध नेपालको प्रतिबद्धता :**
**लागू औषध अपराधविरूद्धको ऐक्यबद्धता**
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना विभाग**

# मानव अधिकार र मानवीय कानुन



गणेश पराजुली

**अदालतमा चलिरहेका वा अदालतवाट कशुरदार करार भै कैद जीवन व्यतित गरिरहेका गम्भीर प्रकृतिका फौंजदारी अभियुक्तहरूको असल चालचलन वा जे जस्तो सुकै नाममा मुद्दाफिर्ता लिने निर्णय गर्नु भनेको दण्डहिनतालाई वढावा दिनु हो ।**

नेपाल मानव अधिकारसँग सम्बन्धित महत्वपूर्ण विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र हो । हालसम्म नेपालले मानव अधिकार र मानवीय कानुनसँग प्रत्यक्षतः सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय गरी ५९ वटा महासन्धि/सन्धिको अनुमोदन गरी पक्षराष्ट्र बनेको छ । जसमध्ये संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी २२, मानवीय कानुनसम्बन्धी ७, वातावरण सम्बन्धी १४, श्रमसम्बन्धी १२ र क्षेत्रीय तहमा (सार्क) बालबालिका, मानव बेचबिखन तथा ओसारपसार, खाद्य र वातावरण गरी ४ रहेका छन् । त्यस्तै नेपालले संयुक्त राष्ट्रसङ्घीय प्रमुख ९ मध्ये ७ महासन्धि अनुमोदन गरेको अवस्था छ।

हाम्रो देशले जति तदरुकताका साथ यी महासन्धि/सन्धिको अनुमोदन गर्‍यो त्यस पछि ती सन्धीहरुले श्रृजना गरेका दायित्व पुरा गर्न भने सकेको छैन। सरकारले एकाध वाहेक तोकिएको अवधिमा बुझाउनुपर्ने कुनै पनि आवधिक प्रतिवेदनहरू सम्वन्धित निकायमा हालसम्म समयमा बुझाउन सकेको छैन । राष्ट्रसङ्घीय यातनाविरुद्धको समितिमा प्रत्येक ४-४ वर्षमा पेस गर्नुपर्ने प्रतिवेदन सन् २००४ पछि नेपालले पेस गरेको छैन । प्रत्येक २-२ वर्षमा पेस हुनुपर्ने जातीय विभेदविरुद्धको महासन्धिको कार्यान्वयन अवस्थासम्बन्धी प्रतिवेदनको पनि सोही अवस्था भएकोमा १७ औंदेखि २३ औं प्रतिवेदन सन् २०१७ मा एकैपटक संयुक्त रूपमा बुझाएको छ । अन्य प्रतिवेदनको अवस्था पनि यो भन्दा भिन्न छैन। यसले नेपालको मानवाधिकार अवस्थाको संवेदनशिलतालाई प्रष्ट्याउदछ।

मानवाधिकार र मानवीय कानुन एक अर्काका परिपुरक हुन । कुनै एकको अभावमा अर्काको अस्तित्व संकटमा पर्दछ । अर्को शव्दमा भन्ने हो भने यी दुवै एउटा सिक्काका दुई पाटा हुन । यी दुवैले आ-आफ्नो कोणवाट व्याक्तिको जीउ, ज्यान, धन सम्पति र मान मर्यादाको सुरक्षा गरी मानवता विरोधी गम्भीर अपराधका घटनाहरु रोक्न महत्वपूर्ण भूमिका खेल्दछन् । संकटकाल होस या आन्तरिक द्वन्द अथवा सशस्त्र संधर्षको समय होस राज्यले अन्तर ाष्ट्रिय मानवीय कानुनलाई कम गर्न अथवा स्थगित गर्न अथवा वाधा पुर्‍याउन अथवा प्रतिवन्ध लगाउन सक्दैन । तर, संकटकाल र आन्तरिक द्वन्दको वेला राज्यले मानवाधिकारलाई केहि कम गर्न अथवा स्थगित गर्न या प्रतिवन्ध लगाउन सक्दछ ।

मानविय कानुनको संरक्षण सर्म्वद्धन र सम्मान गर्न अर्न्तराष्ट्रिय स्तरमानै ईन्टरनेशनल कमिटि अफ द रेडक्रस (आईसीसीआरसी) को सन् १८६४ मा जेनेभामा पहिलो पटक स्थापना भएको थियो । सन् १८६४ को जेनेभा महासन्धीले हालको अर्न्तराष्ट्रिय मानविय कानुनको सस्थागत रुपमा औंपचारिक जग बसाल्यो । त्यस भन्दा पहिले मानविय कानुनका स्रोत र साधनहरु रितिरिवाज, परंपरा र नैतिकतामा आधारित थिए । त्यस्तै सन् १९४८को संयुक्तराष्ट्र संघको महासभाले विश्वव्यापी रुपमा मानवाधिकारको धोषणापत्रलाई अनुमोदन गरेर मानवाधिकारको सस्थागत औंपचारिक जग वसाल्यो ।

अर्न्तराष्ट्रिय मानविय कानुनको उद्येश्य संभव भए सम्म युद्ध पिडितहरु, युद्धमा घाईते भएकाहरु, युद्धमा आफन्त गुमाएकाहरु र आफन्तहरु सँग विछोड भएकाहरु आदिको सुरक्षा हेरविचार र तिनिहरुलाई अत्यावश्यक सवै प्रकारका मानविय सहायता पुर्‍याएर युद्ध वाट उत्पन्न पीडालाई कम गर्नु पनि हो । त्यस्तै मानवाधिकार कानुनले हरेक मानवलाई मानव मानव वीच बिना भेदभाव समान रुपले सम्मान गर्दै मानव भएर बाच्ने वातावरण तयार गर्दछ । दुबै को लक्ष मानविय हित गर्नु हो । मानवाधिकार कानुन र मानविय कानुनको परिपालना गर्नु चाहे द्धन्द्धको समयमा होस या संकटकालमा होस् सरकार, विद्रोही तथा अन्य सवै पक्षको दायित्व हो । मानविय कानुन र मानवाधिकार कानुनको उल्लंघन जो सुकैले गरेपनि त्यस्ता कार्यलाई आतंककारी यवं मानवता विरोधी अपराध मान्नु पर्दछ।

मानवीय कानुनको उद्येश्य युद्धमा भाग नलिएका मानिसहरु, भाग नलिने तटस्थ तथा युद्ध वन्दि र घाईतेहरुलाई सेवा र सुरक्षा प्रदान गरी उनीहरुको जीउ धनको सुरक्षा प्रदान गर्नु हो । अर्को तर्फ यसले दण्ड सजाय सम्बन्धि एउटा महत्वपूर्ण श्रृखंलाको नै व्यवस्था गर्दछ र गर्भवती महिलाहरुलाई स-साना नानीका आमाहरुलाई र जो कोही पनि अपराध गर्दाको समयमा १८ वर्ष भन्दा मुनीका किशोर किशोरीहरुलाई राज्यद्धारा मृत्यु दण्डको सजाय दिने कार्य रोक्नु पनि हो । अर्को तर्फ मानवाधिकार कानुनले राज्यको तर्फवाट या कुनै सरकारी या गैर सरकारी व्याक्तीहरुको तर्फवाट मानवाधिकारको व्यापक उल्लंघन गरी कुनै पनि व्याक्तीलाई गैर कानुनी थुनामा राखी या थुनछेक गरी हानी नोक्सानी या क्षती पुर्‍याएको भन्ने उजुरी अदालतमा परेमा अदालतले आवश्यक क्षती पुर्ति दिलाएर मानवाधिकार उल्लंधनका घटनाहरुलाई कम गर्न सक्दछ ।

मानवाधिकार को मुख्य उद्धेश्य सरकारको निरंकुश यवं स्वच्छचारी क्रियाकलाप र कार्यशैली वाट आम जनताको जीउ ज्यान र धन सम्पत्ति तथा मान मर्यादालाई सुरक्षा प्रदान गरी मानवलाई सम्मानपूर्वक जीवन जीउने अवस्था श्रृजना गर्नु नै हो। मानवाधिकारको सुरक्षा घोषणापत्रले राज्यका सवै अंगहरुलाई आ-आफ्नो अधिकार र कर्तव्य पालन गर्न दवाव दिन्छ । मानविय कानुन र मानवाधिकार कानुनको कार्यान्वयन गर्ने र व्यापक रुपमा यसको प्रचार प्रसार गर्ने पहिलो दायित्व पनि सरकारकै हो । मानवाधिकार कानुनले अर्न्तराष्ट्रिय सन्धि सम्झौताका महत्वपूर्ण प्रावधानहरुलाई राष्ट्रिय कानुनमा समावेश गर्न लगाउन समेत राज्यलाई दवाव दिएर वाद्य वनाउदछ ।

मानवाधिकार सम्वन्धि राष्ट्रसंघीय आयोग जस्ता सुपरिवेक्षण गर्ने निकायहरु संयुक्त राष्ट्र संघको बडापत्र तथा विशेष सन्धी सम्झौंतामा आधारित छन् । मानवाधिकार सन्धीहरु मध्ये केही महत्वपूर्ण सन्धीहरुमा अनुगमन गर्ने अधिकार पाएका स्वतन्त्र विशेषज्ञहरु रहेको समितिको गठनको व्यवस्था पनि गरिएको छ । केही यूरोपेली र अमेरिकी क्षेत्रीय सन्धीहरुले मानवाधिकार उल्लंधनका घटना हेर्ने छानविन गर्ने र कारवाही गरी दण्ड सजाय दिने मानवाधिकार अदालतको स्थापना समेत गरेका छन् ।

संयुक्त राष्ट्रसंघले हाम्रो देशमा पनि मानवाधिकारको संरक्षण र सम्वर्द्धन गर्ने हेतुले संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय स्थापना गरेको छ । नेपालको संविधान २०७२ ले मानव अधिकार संरक्षणका लागि संरचनागत व्यवस्था समेत गरको छ । यस अवस्थामा मानव अधिकारको राज्यको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई समग्रमा सन्तोषजनक रूपमा लिन सकिन्छ । सरकारले मानवाधिकार उल्लंघनको छानविन गरी दोशीमाथि कारवाहिको सिफारिस गर्न राष्टिय मानवाधिकार आयोग गठन त गरेको छ तर,एकाध वाहेक यसका सिफारिशहरु कार्यान्वयनको चरणसम्म पुग्न सकेको छैन। यसले पनि नेपालमा मानवाधिकार उल्लंघनका घटनामा भने कमि आउन सकेको छैन ।

अन्त्यमा, अदालतमा चलिरहेका वा अदालतवाट कशुरदार करार भै कैद जीवन व्यतित गरिरहेका गम्भीर प्रकृतिका फौंजदारी अभियुक्तहरुको असल चालचलन वा जे जस्तो सुकै नाममा मुद्दाफिर्ता लिने निर्णय गर्नु भनेको दण्डहिनतालाई वढावा दिनु हो । राजनैतिक आवरणमा गरिने सरकारका यस प्रकारका क्रियाकलाप र निणर्यले लोकतन्त्र र कानुनीराजलाई चुनौतिदिई अराजकतालाई मलजल गर्दछ। हत्या, अपहरण, वलात्कार, मानव बेचविखन जस्ता गम्भीर प्रकृतिका फौंजदारी मुद्धाहरु जघन्य अपराधको श्रेणीमा पर्दछन् । यस्ता मानवताविरोधी अपराध गर्ने दोषीहरुलाई कुनै बाहनामा उनमुक्ति नदिई कडादण्ड दिने कानुन निर्माण गरी सवैलाई कानुनी दायरामा ल्याउन सकियो भने मात्र मुलुकवाट दण्डहिनताको अन्त्य हुनगई मानवाधिकार साचो अर्थमा वहालाी हुन सक्दछ ।

ajenepal@yahoo .com

स्वास्थ्य

## फर्सीको मुन्टाका फाइदा



तपाईं साग कतिको खानु हुन्छ ? तपाईंलाई कुन साग सबैभन्दा बढी मन पर्छ ? हुन त बजारमा वा तपाइँको करेसाबारीमा विभिन्न प्रजातिका सागहरु सजिलै पाउन सकिन्छ। तर, तपाईंले प्रयोग गर्ने सागहरुको प्रजातिमध्ये एक हो फर्सीको मुन्टा वा भनौं फर्सीको पातको साग। उसो त फर्सी पनि खानु हाम्रो स्वास्थ्यका लागि निकै नै लाभकारी हो। तर, फर्सीको पात वा मुन्टा खानाले हामी विभिन्न रोगबाट जोगिन सक्छौं। फर्सीको पातको साग वा फर्सीको मुन्टा खानुको फाइदाबारे सबैलाई थाहा नहुन सक्छ। त्यसैले फर्सीको पातको साग खानुको फाइदाबारे जानौं।

फर्सीको साग विभिन्न पौष्टिक तत्वले भरिएको हुन्छ। फर्सीको साग भिटामिन ई, सी, ए, बी ६, पोटासियम, फोलिक एसिड, क्याल्सियम, कपर, प्रोटिन, म्याग्नेशियम, आइरन, फाइबर, फस्फोरस जस्ता खनिज पदार्थको राम्रो स्रोत हो। हामीलाई स्वस्थ रहनका लागि शरीरमा यी सबै तत्वको आवश्यकता पर्दछ। युएसडीए नेशनल न्युट्रिएन्टको अध्ययन अनुसार फर्सीको पातमा यति धेरै गुणहरु हुन्छ कि तपाईंलाई खतरनाक रोगबाट जोगिन मद्दत गर्छ। फर्सीको पातलाई आफ्नो नियमित भोजनमा समावेश गरेर तपाईं उच्च रक्तचाप, कोलेस्ट्रोल, क्यान्सर जस्ता खतरनाक रोगबाट सुरक्षित रहन सक्नु हुनेछ।

फर्सीको पातको नियमित सेवनले हुने फाइदा

**बढ्दो उमेरलाई छेक्न** :

फर्सीको पातमा पाइने एन्टी-अक्सीडेन्टले तपाईंको बढ्दै गरेको उमेरलाई छेक्दै जवान देखाउनमा सहयोगी हुन्छ। यदि तपाईं आफ्नो बढ्दो उमेरलाई लुकाउन चाहनु हुन्छ र जवान देखिन चाहनु हुन्छ भने फर्सीको पातको साग आजैदेखि खान सुरु गरिदिनुस्।

**आँखा स्वास्थ्यको लागि लाभकारी** :

फर्सीको पातमा भिटामिन ए प्रसस्त मात्रामा पाइन्छ। जुन हाम्रो आँखाको लागि राम्रो हो। साथै आँखा कमजोर हुँदा फर्सीको पातको साग खानाले आँखाको रोशनी बढाउनमा मद्दत गर्छ।

**कोलेस्ट्रोललाई नियन्त्रण गर्न**

अहिलेको समयमा उच्च कोलेस्ट्रोलको समस्याले प्रायः जसो सबै पीडित छन्। तर, कोलेस्ट्रोलको समस्याबाट राहत पाउनका लागि फर्सीको पात भने निकै नै उपयोगी हुन्छ। फर्सीको पातमा पाइने फाइबरले कोलेस्ट्रोललाई नियन्त्रण गर्नुका साथै तपाईंको मुटुलाई पनि स्वस्थ राख्नमा मद्दत गर्छ।

**प्रजनन क्षमतामा वृद्धि**

तपाईंको बिहे भइसकेको छ तर, अहिलेसम्म आमा वा बुबा बन्ने सौभाग्य पाउनुभएको छैन भने फर्सीको पातको साग खानु फाइदाजनक हुन्छ। किनकी फर्सीको पातको सागले नष्ट भएको टेस्टीकुलर र स्पर्म बन्ने प्रक्रियालाई मद्दत पुर्‍याउँछ। जसको मद्दतले तपाईंको प्रजनन क्षमतामा वृद्धि हुन्छ।

**मधुमेहलाई गर्छ नियन्त्रण**

मधुमेह रोग अहिलेको समयमा सुन्नमा सामान्य भए तापनि खतरनाक रोग हो। मधुमेह रोगबाट राहत पाउनका लागि फर्सीको पातको साग खानु फाइदाजनक हुन्छ। फर्सीको पातको सागमा हाइपोग्लिसिएमिक नामक तत्व हुन्छ जसले तपाईंको ग्लुकोजको मात्रालाई कम गर्नमा मद्दत गर्छ।

**छालाको लागि फाइदाजनक**

फर्सीको पातमा पर्याप्त मात्रामा भिटामीन सी पाइन्छ। जुन तपाईंको छालाको लागि फाइदाजनक हुन्छ। भिटामीन 'सी' ले छालामा भएको मृत तन्तुलाई निकाल्नमा मद्दत गर्नुका साथै छालालाई स्वस्थ बनाइ राख्छ।

**क्यान्सरबाट जोगाउन**

फाइबर एक यस्तो तत्व हो जसको सेवनले तपाईंलाई अनेक फाइदा हुन्छ। फर्सीको पातमा पाइने फाइबरले तपाईंको शरीरमा भएको क्यान्सर कोषीकाहरुलाई रोक्नमा मद्दत पुर्‍याउँछ।

**पाचन प्रणालीलाई स्वस्थ राख्छ**

फर्सीको पातमा पाइने पोटासियमले तपाईंको पाचन प्रणालीलाई स्वस्थ राख्नमा मद्दत गर्छ। साथै फर्सीको पातको सेवनले तपाईंको उच्च रक्तचापलाई पनि नियन्त्रणमा राख्छ।

कथा

## स्वप्न भंग

लक्ष्मी उप्रेती

स्वप्न भङ्ग भएपछि जीवनमा देखिएका ससाना खुसीका कणहरू अनायासै मेटिँदा रहेछन् । विश्वास र भरोसाका पुञ्ज मेरा जीवन साथी विभाजित हुनाले, आस्थाका धरोहर मेरा मुटुका टुक्रा विचलित भएकाले यसबेला दुःख सहेर शून्य जीवन बाँच्नु सिवाय कुनै विकल्प रहेन मेरो । दाम्पत्य जीवनका सुखद क्षणहरू सपना जस्तै बनेर छचल्किने भए अब अतीतका स्मृतिमा । वर्तमानले रक्ताम्मे पारेको विवश घाउ सुम्सुम्याउँदै खाटा बस्नै नसक्ने भविष्यको कल्पना कसरी गरूँ म ? विश्वासको धरातलमा उभ्याएर मेरो भोलि खोसिसके छन् मेरा आफ्नाहरूले नै आश्वासनको भ्रमित भाव बाँढ्दै । हरे १ कस्तो अन्तरघात गरे नि मलाई ।

बिरही पल बनेर बिझाउँने ए समय १ त निर्दयी नै होस् या मलाई घात गरिस् ? सुन्दर धुनको सङ्गीत बनेर रमाउने मेरो विगत आज कस्तो कुरूप बन्यो । अब तेरो रचनामा मेरो भविष्य कस्तो छ भन्न सक्छस् ? केही समय प्रेम गरेर जीवन बुझेपछि बिहे गरेका पति अनिमेष र हाम्रा छोरा छोरी निमेष र निर्जासँग अलग्गिनुको पीडा सहेर अर्काको मुलुकमा कहालीलाग्दा पल गन्दै दिन रात खटेँ र सात वर्ष बिताएँ परिवारको सुख सोचेर । ती सबै व्यर्थ भएछन् । जस्का लागि आफूलाई रित्याएँ उसले मेरो जीवनमा छुरा घसेको आभास समेत पाइनँ मैले ।

जीवनमा यस्तो दिन पनि आउला भन्ने कल्पना समेत गरेकी थिइनँ । बिहे हुनुभन्दा अघि कति खुसी थिए । दुई दाजुहरूकी यौटी बहिनी भएकाले म परिवारमा नै प्यारी थिएँ । सम्पन्न परिवारमा जन्म भएकाले पनि होला गाउँका अरू साथीहरूको तुलनामा हरेक अवसर प्राप्त हुन्थ्यो मलाई । मैले रहर गरेका जुनसुकै चिज पनि तुरुन्तै पुरा हुन्थे । दुःख नभोगेकी मैले बिहेपछि मात्र थाहा पाएकी थिए अभावमा दुख्ने कष्टकर जीवनको घाउ । अतीतको मायाले यसबेला मलाई अवसादमा पारेको छ । मनका आवेगहरू भक्कानिएर पोखिन्छन् दुई आँखाबाट अविरल ।

राजनीतिक पृष्ठभूमि भएको मेरो परिवार । घरमा राजनीतिज्ञहरूको जमघट भैरहन्थ्यो । यही प्रभावले मलाई राजनीतिमा रुचि बढ्दै गयो । म आइ.ए. पढ्दै थिएँ । वि.सं. २०४६ मा जन आन्दोलन चर्कियो । देशमा राजनीतिक गतिरोधका कारण उत्पन्न आन्दोलनमा युवाशक्ति विद्यार्थीहरूको सहभागिता बढ्दै गयो । अलिअलि गर्दै केही दिनपछि शैक्षिक वातारण नै ठप्प भएर राजनीतिक वातावरणको माहौल व्याप्त भयो । विभिन्न दलका भातृसङ्गठनका विद्यार्थीहरूको सक्रियता बढ्दै गयो । आन्दोलन झन् चर्कन थाल्यो । जुलुस, नारा, कोणसभा, आमसभा, तोडफोड, चक्काजाम, आगजनी, धडकपड, लाठी चार्ज आदि इत्यादिले राजनीतिक वातावरणलाई ततायो । पारिवारिक समर्थन भएर पनि होला विद्यार्थी आन्दोलनमा हाम्रो कलेजबाट मेरो नेतृत्व अग्रपङ्तिमा रह्यो । प्रदर्शनकारीलाई दबाउने प्रयाशमा तत्कालीन सरकारले धडपकड गर्दा अग्रज नेताहरूसँगै केही साथीहरू र म पनि जेलमा परे दुई पटक । पहिलो पटक जेल पर्दा म निकै डराएकी थिएँ । तर राजनीतिक बन्दीहरूको जेल जीवन राम्रै हुँदोरहेछ ।

आफ्नै प्रखर क्षमताले विद्यार्थी राजनीतिमा सक्रिय रहेर अर्का कलेजका विद्यार्थी नेता अनिमेषसँग पहिलो भेट जेलमा नै भयो । हाम्रो विचार र उद्देश्य अनि यात्रा पनि एउटै थियो । उनको प्रभावशाली व्यक्तित्वका कारण जेलबाट छुटेपछि पनि हाम्रो भेट हुने क्रम बढ्दै गयो । बिस्तारै बिस्तारै राजनीतिक सहयात्रीभन्दा फरक अर्कै आसक्तिको आभास भयो हामीमा । समयको गतिसँगै राजनीतिक उतार चढावमा कहीँ जाँदा कसो कसो गरेर प्रायः सँगसँगै हुन थाल्यो । केही दिनपछि पार्टीका साथीहरूबाट पनि हाम्रो सामीप्यताको चर्चा सुरु भयो । त्यसपछि हामी सोच्न बाध्य भयौँ । हाम्रो मन मिलेकै थियो । अनिमेषले अभिभावकसँग सल्लाह गरेर मलाई माग्न पठाए । दुवैतिरका अभिभावकहरूबाट बुझाबुझ गरेपछि हाम्रो बिहेको टुङ्गो लाग्यो । महेन्द्रनगर घर भएका सम्पन्न परिवारका माइला छोरा अनिमेषलाई जीवन साथी बनाउँदा छोरी सुखी हुन्छे भन्ने सोचले ढुक्क भएर बिहेका लागि आएको प्रस्ताव मेरा अभिभावकले स्वीकार्नु भयो । अन्ततः केही समय पछि उहाँहरूले हाम्रो लगन गाँठो बाँधिदिनु भयो ।

बिहा पछि जहाँ जतिखेर निस्फिकी हिँड्डुल गर्न हामी स्वतन्त्र भयौँ । केही समयसम्म हाम्रो राजनीतिक जीवन सक्रिय भयो । बिहे भएको दुई वर्षमा हाम्रो छोरो निमेष जन्मियो । त्यसपछि राजनीतिमा मेरो सहभागिता अलि कम हुन थाल्यो । निमेष दुई वर्ष नपुग्दै छोरी निर्जाको जन्म भयो । त्यसपछि त छोराछोरीको स्याहार सुसारले नै मलाई व्यस्त बनायो । यसले गर्दा मेरो राजनीतिक जीवन झन्डै झन्डै शून्य नै भयो ।

समय आफ्नै गतिमा अघि बढि रह्यो । हाम्रो अवस्थामा उतार चढाव सुरु भयो । दुवै जना बेरोजगार । एकातिर अनिमेषको राजनीतिक जीवन अर्कातिर घर व्यवहारमा खर्च बढ्दै जान थाल्यो । आमा बाबुको मृत्युपछि माइतीतिरबाट पाउने सहयोगी हातहरू कम हुँदै गए । अनि आफ्नो पुर्ख्यौली सम्पत्ती बेच्दै जीवन गुजारा गर्नु हाम्रो बाध्यता रह्यो । केही समयसम्म यसरी पनि जिन्दगी धानियो । पुर्ख्यौली सम्पत्ति पनि सकिएपछि साथी भाइहरूसँग ऋण लिने क्रम सुरु भयो ।

अभावले जीवन कठिन हुँदै गयो । कामको खोजीमा दुवै जना लागि पर्‍यौं । तर कहीँ कुलखानदान र कही क्षमताका कारण कति ठाउँमा हामी अयोग्य भयौं । त्यसपछि अनिमेष व्यावहारिक झमेलाबाट पिरोलिएर राजनितिक माहोलमा नै पूर्णकालीन समय बिताउन थाले । यसरी जीवन झन्झन् जटिल हुँदै गयो । के गर्ने भनेर हामीसँग कुनै उपाय नै भएन । अन्ततः राजनीतिकर्मीको लागि खुलेका विदेश यात्राको फायदा उठाएर सर सल्लाह गरी श्रीमान्सँगै बालक छोराछोरीलाई समेत छोडेर बेलायत जान बाध्य भएँ । त्यसबेला मातृत्वको आर्तनाद सहँदै विदेशी भूमिमा कठिनाइहरूसँग जुद्धै बिताएँ । उराठिलो सात वर्ष दिन रात काम गरेँ । काम गरेँ अनुसारको दाम पनि कमाउन सकेँ । मुटुको घाउलाई पलपल सुमसुम्याउँदै भविष्यको सुन्दर सपना सजाएर आफूलाई रित्याउँदै श्रीमान्को भरोसामा सात वर्षसम्म कमाएको पैसा सुम्पिरहेँ सही ठाउँमा उपयोग हुन्छ भन्ने विश्वासले, तर जीवनको विश्वास सोच जस्तो कहाँ हुँदोरहेछ र ? पहिला जति आफ्ना थिए ती सबै आफूबाट छुटिसकेछन् ।

पैसा कमाउने कामदेखि बाहेक अन्य केही समयखेर फालिनँ मैले । यता श्रीमान् र छोराछोरी बाहेक अरू सबै नाता सम्बन्ध साथी भाइ कोहीसँग पनि सम्पर्क राखिनँ । उनीहरूले सम्पर्क गर्न खोज्दा पनि सहयोग पो माग्ने हुन की भन्ने शङ्का गरेर सधैँ सम्पर्कविहीन हुनाका साथै समय पनि खेर फाल्न चाहिनँ । त्यसबेला सायद उनीहरूको सम्पर्कमा रहन सकेको भए मेरो केही त बच्न सक्थ्यो कि ? तर मेरो स्वार्थीपनले यसबेला मसँग केही रहेन । सङ्घर्ष गरेर सात वर्ष विदेशी भूमिमा बिताएको आफ्नो उराठिलो उमेरसँगै मेरा आफ्नाहरूबाट म छुटिसकेछु । आजको प्रतीक्षामा कति दिन बिताएर मनभरि उत्साह र उमङ्गका तरङ्ग छचल्काउँदै । अनिमेषसँगको मधुर मिलनको कल्पनामा बहकिएर उम्लिएथे । मुटुभरि ममताले सुमसुम्याउँदै छोराछोरीको सामीप्य सुखमा भावुक हुँदै नेपाल धर्ती टेकेथेँ । तर मैले कल्पना गरेका ती सबै सुनौला भावहरू अहिले चकनाचार भए सपना झैँ बनेर । हरे १ सपना झैँ लागेको यो जीवनको सपना, सपना नै भै दिए अर्काको सम्झेर पनि अबको जीवनमा विपना राम्रो पार्दै आफ्नो बनाउँथेँ । अब त मसँग जीवनका सपना पनि कुनै रहेनन्, विपनाको त के कुरा गरौँ ?

लामो समयको अन्तरालपछि हिजो नेपालको धर्तीमा पाइला टेकेँ । श्रीमान् र छोराछोरीकै न्यानो स्पर्शको अनुभूत गर्दै आफूभरि मायाको रङ भरेर आफ्नै जीवनको लोभ गरे आफैबाट । तर आज मायाका सबै रङ आफ्नै लागि हराउँदा त्यही जीवन यसरी कुरूप हुन पुग्यो । हिजो विमानस्थलबाट बाहिरिएर प्रतीक्षालयमा अनिमेषलाई देख्नासाथ सात वर्ष मैले भोगेका वियोग र वेदनाका सारा कुराहरू बिर्सिए । उनलाई छेउमा पाउना साथ पुलकित भएँ । छोराछोरीलाई वरिपरि खोजे देखिनँ । त्यसपछि "खोई मेरा निमेष र निर्जा" भनेर सोधे । अनिमेषले शिर झुकाउँदै भुइँतिर हेरेर जवाफ दिए, "उनीहरू साथीको घरमा गएका थिए । आउन ढिला गरे ढिलो होला भनेर म चै आएँ ।" त्यसबेला मेरो मुटु च्वास्स भयो र पनि चुपचाप सहेँ अरू केही नसोची । अनिमेषले मेरो ब्याग गुडाउँदै ट्याक्सीमा ल्याएर राखे र चुपचाप ट्याक्सीमा चढे । उनको पछिपछि लाग्दै म पनि यन्त्रवत् मानव झैँ भएर उनीसँगै ट्याक्सीमा बसेँ । अनि उनले उही हाम्रो साँखुमा भएको घरको लोकेसन दिँदै ट्याक्सी लान चालकलाई निर्देशन दिए ।

साँझ झमक्क परिसकेको थियो । सडकका दुइछेउमा भएका बिजुलीका पोलबाट बत्ती झलल्ल बलेर उज्यालिँदा पनि मेरो मन अँध्यारो थियो । सडकमा साना ठूला वहानहरू बत्तीको चहक फ्याकेर सलल बग्दै ध्वनि प्रदूषणले वातावरणलाई नै आक्रान्त पारेको अवस्थामा मेरो मनस्थिति अशान्त भयो । अनि हामी बीचको मौनतालाई भङ्ग गर्दै अनिमेषलाई सोधेँ- "हामीले किनेको नयाँ घर सबै भाडामा नै दिएको छ ।" "हो" मलाई नहेरी उनले एउटै अक्षरमा उत्तर दिए । यत्रो वर्षपछि आफ्नो घरमा आफ्नाहरूसँग सामीप्यको सुख भोग गर्न म आतुर भएकी थिएँ । गेट फूलले गेट छोपिँदै घर भित्ताबाट छानोसम्म लता टाँसिएर उकालिँदै गरेको त्यो घरले हजारौँ कहानी लुकाएर पनि अभिमान बोकेर उभिएको थियो । वरैबाट देखिने झ्यालमा हेरेँ पहिला झैँ यसपटक त्यहाँ कुनै आँखाहरूले चिहाएका थिएनन् । घरमा पुग्नासाथ मेरो उत्साह र उमङ्गका आतुरीहरू व्यर्थ भएर विषाद बन्यो । चकमन्नता ओडेर नियास्निएको त्यो मेरो घर छोराछोरी बेगर मसँग नै अपरिचित भयो । अनि सशङ्कित भएर कढ्किँदै मैले सोधे "अनिमेष, खोइ मेरा छोराछोरी ।"

अनिमेषले झिजो मान्दै मबाट नै तर्कन खोजे । मैले बुझ्न सकिनँ उनलाई । त्यसबेला मैले प्रेम गरेर बिहे भएका पहिलेका मेरा अनिमेष जस्तो देखिन उनलाई । छोराछोरीलाई नदेख्दा मातृत्वले पिरोलेर आहत हुँदै रोएँ । अनिमेषसँग विरक्तिएर रातभर उनीसँगै भएर पनि कोसै टाढा भएँ । उनीसँग मिलनको चाह अन्त भइसकेको थियो । उनले पनि कुनै भाव प्रकट गरेनन् । अनिदो मेरो मष्तिष्कले अनेक कुरा सोच्दै छटपटिएर रूदै बिताए औँसीको त्यो कालो रात । सूर्यको चहकिलो आभा चारैतिर फिजारिन नपाई काम पर्‍यो भनेर निस्किएका अनिमेष साँझ परिसक्दा पनि आउने चालचुल छैन । मलाई असैह्य भयो र घर कुर्न बसेका कान्छा कान्छीलाई बोलाएर सोधेँ । उनीहरू निकैबेर बोलेनन् । शिर झुकाएर उभिरहे । बारम्बार प्रश्न गरेपछि हजुरलाई हामीले भनेको मालिकले थाहा पाउनु भयो भने हामीलाई तुरुन्तै यहाँबाट निकाल्नु हुन्छ" भन्दै कान्छो त्यहाँबाट हिँड्यो । कान्छी त्यही घुकघुक गर्दै घोप्टीएर रुन थाली । म अवाक भएर हेरिरहेकी थिएँ । एकछिन पछि कान्छीले रुँदै भन्न थाली "मालिक्नी हजुरको घर परिवार सब लथालिङ्ग भताभुङ्ग भैसक्यो । मालिक पनि हजुरको कमाइले किनेको घरमा एउटी छोरी सहितकी आइमाईसँग बस्नु भएको छ । निरज बाबु पनि भट्टिवालीसँग...निर्जा मैया पनि पुलिससँग आफै बिह...।"

यो के भनेकी कान्छी तैले ? उमेर नै नपुगेको मेरो छोरो...। जीवन नै नबुझेकी मेरी बालख छोरी ..। उफ १ मैले यो के सुन्नु पर्‍यो हरे । किन म याहाँ आएछु ।" बसिरहेको कुर्सिमा म फनन घुम्छु । मलाई थाह छैन् यसबेला सपना देख्दैछु वा विपनामा मूर्छित हुन लागेर हो म भासिँदै गएँ भासिँदै गएँ ।

# टर्कीमा शक्तिशाली राष्ट्रपतीय प्रणालीको युग सुरु



विष्णु भट्टराई

टर्कीका राष्ट्रपति रिसेप तैयप एर्दोगान दोस्रो कार्यकालका लागि पनि निर्वाचित भएका छन् । गत वर्ष भएको जनमत संग्रहको निर्णयअनुसार अमेरिकी मोडलको शक्तिशाली राष्ट्रपतिका रूपमा एर्दोगान रहनेछन् ।

आइतबार भएको निर्वाचनमा जित हात पारेसँगै उनले अब टर्कीको राष्ट्रपतीय प्रणालीमा व्यापक शक्तिको प्रयोग गर्नेछन् । टर्कीमा गत वर्ष भएको विवादास्पद जनमत संग्रहमा शक्तिशाली राष्ट्रपतीय प्रणालीमा जाने पक्षमा मतदान भएको थियो । जनमत संग्रहको निर्णयअनुसार अब टर्कीको संसद् कमजोर भएको छ भने प्रधानमन्त्रीको पद समाप्त भएको छ ।

निर्वाचनमा पराजित भएका टर्कीको विपक्षी पार्टीका उम्मेदवार मुहार्रेम इन्सले टर्की एक व्यक्तिको शासनको खतरनाक युगमा प्रवेश गरेको प्रतिक्रिया व्यक्त गरेका छन् । आइतबार भएको निर्वाचनमा राष्ट्रपति एर्दोगानले ५३ प्रतिशत मत ल्याएका छन् भने विपक्षी उम्मेदवार इन्सले ३१ प्रतिशत भोट ल्याएका छन् ।

आइतबार भएको संसदीय र राष्ट्रपतीय निर्वाचनको मतपरिणाम भने एकसाथ शुक्रबार घोषणा गरिनेछ । एर्दोगानविरोधी इन्सको निर्वाचन अभियानमा ठूलो मात्रामा मानिसहरु उपस्थित भए पनि अपेक्षित रूपमा मत ल्याउन सकेनन् । राष्ट्रपति एर्दोगानले सुदृढ अर्थव्यवस्था, राम्रो स्वास्थ्य सेवा र भौतिक संरचना निर्माण आदि नाराका आधारमा टर्कीका जनताको मन जित्न सफल भएका हुन् ।

राष्ट्रपति एर्दोगानले सन् २०१६ मा भएको सैनिक 'कु'को असफल प्रयासपछि चालेका कदमको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चर्को आलोचना भएको थियो । उसले आफ्ना विरोधी करिब १ लाख ६० हजारलाई जेल हालेका छन् ।

सोही सैनिक 'कु'को असफल प्रयासलाई देखाउँदै उनले गत वर्ष राष्ट्रपतिको पद शक्तिशाली बनाउनेगरी जनमत संग्रह गराएका थिए । सोही जनमत संग्रहका निर्णय अब यो निर्वाचनपछि लागू हुनेछन् । उनले यसपटक निर्धारित समयभन्दा पहिले नै निर्वाचन गराएका हुन् । निर्वाचनको पूर्ण विवरण आएपछि नयाँ संविधान लागू हुनेछ । जसमार्फत राष्ट्रपति शक्तिशाली हुनेछन् भने संसद्को भूमिका सीमित बन्नेछ । यसबाट टर्कीमा लोकतन्त्र कमजोर बन्ने आलोचकहरुको भनाइ छ ।

निर्वाचन सम्पन्न भएर एर्दोगान राष्ट्रपतिमा निर्वाचित भएको सार्वजनिक भएलगत्तै उनलाई संसारभरिबाट बधाई आएको छ । केही पश्चिमा नेता तथा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले एर्दोगानलाई आम जनताको साथ पाएकोमा बधाई दिएका छन् ।

निर्वाचनमा विजयी भए पनि सोमबार बिहान समर्थकहरुलाई सम्बोधन गर्दै उनले नयाँ शक्तिशाली राष्ट्रपतीय प्रणालीलाई तीव्र रूपमा अघि बढाउने प्रतिबद्धता जनाएका छन् । आफूलाई शक्तिशाली बनाउने उद्देश्यले गत वर्ष एर्दोगानले गराएको जनमत संग्रहमा संवैधानिक परिवर्तनको पक्षमा ५१ प्रतिशत मतदाताले मत दिएका थिए ।



सो जनमत संग्रहअनुसार भएको यो निर्वाचनको परिणाम पनि नयाँ संविधानअनुसार उनले उपराष्ट्रपति, मन्त्रीहरु र सरकारी अधिकारीहरु प्रत्यक्ष रूपमा नियुक्त गर्न पाउनेछन् भने देशको कानुनी प्रणालीमा समेत हस्तक्षेप गर्दै संकटकालीन अवस्थाको घोषणा गर्नसमेत सक्नेछन् ।

टर्कीको यो राष्ट्रपतीय प्रणालीमा फ्रान्स र अमेरिकाको जस्तो राष्ट्रपतिलाई शक्ति सन्तुलनको व्यवस्था नभएको आलोचना हुँदै आएको छ । एर्दोगान सन् २०१४ मा राष्ट्रपति बन्नुअघि ११ वर्ष टर्कीको प्रधानमन्त्री भएका थिए । दोस्रो कार्यकाल सन् २०२३ मा सकिएपछि पनि उनले अर्को चुनाव लड्न पाउनेछन् । जसअनुसार उनी सन् २०२८ सम्म टर्कीको सत्तामा रहने करिब निश्चित छ ।



टर्कीमा विपक्षीहरूमाथि सन् २०१६ को जुलाईदेखि सुरु भएको धरपकडपछि ९० प्रतिशतभन्दा बढी सञ्चारमाध्यमसमेत सरकारपक्षीय बनेको बताइएको छ । उनीहरूले निर्वाचन अभियानका क्रममा एर्दोगोनको पक्षमा व्यापक प्रचार गरेका थिए । निर्वाचनमा एर्दोगान नेतृत्वको एक पार्टीले ५३ प्रतिशत अर्थात् ३४३ सिटमा जित हासिल गरेको छ भने विपक्षीले ३३ प्रतिशत अर्थात् १९० सिटमा मात्रै जित हासिल गरेको छ ।

यस्तै कुर्दिस एचडीपीले पुनः संसद्मा आफ्नो स्थान बनाएको छ । सो पार्टीले ६७ सिटमा जित हासिल गरेको छ । टर्की सन् २०१६ को जुलाईमा भएको असफल सैनिक कुपछि संकटकालीन अवस्थामा नै छ । सो सैन्य कुमा सामेल भएको आरोपमा १ लाख ७ हजार कर्मचारी र सैनिक अधिकारीलाई सेवाबाट बर्खास्त गरिएको थियो भने ५० हजारभन्दा बढीमाथि अझै मुद्दा चलिरहेको छ ।

१३ वर्षदेखि सत्तामा रहेका टर्कीका राष्ट्रपति रिसेप तैयप एर्दोगानलाई सत्ताच्यूत गर्ने उद्देश्यका साथ राष्ट्रपति बिदामा रहेको बेला २ वर्षअघि 'कु' को प्रयास भएको थियो । टर्कीमा भएको असफल सैनिक 'कु'मा अमेरिकामा निर्वासित जीवन बिताइरहेका धार्मिक नेता फतगुल्लाह गुलेनको हात रहेको आरोप लगाइएको थियो । टर्कीको असफल सैनिक 'कु'को प्रयासले लाखौं मानिस प्रभावित भए । सत्तापलटको खेलमा लागेको आरोपमा हजारौंलाई सरकारी सेवाबाट बर्खास्त गरी जेल हालियो भने हजारौंलाई सरकारी सेवाबाट निलम्बन गरियो ।

सत्ता परिवर्तन गर्ने असफल प्रयासपछि टर्कीमा सैनिक, प्रहरी, न्यायाधीशलगायत विभिन्न क्षेत्रमा कार्यरत रहेका १३ हजारभन्दा बढीलाई पक्राउ गरियो । असफल 'कु'को प्रयासका क्रममा १ सय ४५ सर्वसाधारण, ६० प्रहरी, तीन सेना र १ सय ४ विद्रोही योजनाकार गरी ३ सय १२ जना मारिएको टर्की सरकारले दाबी गरेको थियो ।

सत्तापलटको योजनामा सामेल भएको आरोपमा ५० हजारभन्दा बढी कर्मचारीलाई निलम्बन गरिनुका साथै शैक्षिक क्षेत्रमाथि समेत सरकारी हस्तक्षेप भयो । सरकारले टर्कीमा १ हजारभन्दा बढी विद्यालय र १२ सय भन्दा बढी संगठन बन्द गर्‍यो भने २२ हजारभन्दा बढी शिक्षक कर्मचारीलाई हटायो । टर्कीले अमेरिकालाई सैनिक 'कु'को असफल प्रयासमा हात रहेको भन्दै फतगुल्लाह गुलेनलाई टर्की फिर्ता पठाउन अमेरिकासँग आग्रह गरे पनि त्यो सुनुवाई भएन ।

गणतन्त्र टर्की पश्चिम एसियामा अवस्थित युरेसियन राष्ट्र हो । आठ देशसँग सीमा जोडिएको टर्कीको ठूलो भूभाग एसियामा र सानो भूभाग युरोपमा पर्छ । युरोपेली युनियनमा आबद्ध हुन प्रयासरत टर्कीमा बेलाबेलामा आतंकवादी घटना हुँदै आएका छन् ।

टर्कीकै सबैभन्दा ठूलो सहर इस्तानबुलमा रहेको अतातुर्क विमानस्थलमा भएको आतंकवादी हमलामा विदेशी नागरिकसहित ४५ जना मारिएको घटना सेलाउन नपाउँदै भएको असफल सैनिक 'कु' ले टर्की तिल्मिलाएको थियो । असफल सैनिक 'कु' मा परी मारिनेको संख्या करिब २ सय ६० रहेको छ भने १५ सयभन्दा बढी घाइते तथा हजारौंले सरकारी सेवाबाट हात धुनुपरेको थियो ।

टर्कीलाई सन् १९२० देखि नै धर्मनिरपेक्ष देश बनाउने प्रयास सुरु भएको हो । तर, राष्ट्रपति एर्दोगान सत्तामा आएपछि यो संघर्ष बढी नै पेचिलो बन्दै गयो । आज एर्दोगानले जुन राष्ट्रवादी छवि निर्माण गरेका छन्, त्यसका पछि रूढीवादी मुसलमानको समर्थन नै हो ।

कमाल मुस्तफा अतातुर्कले अटोमन साम्राज्यबाट टर्कीलाई एक राष्ट्रको रूपमा पहिचान दिलाउँदा उनले भनेका थिए, 'यहाँ जो बस्छ ऊ टर्किस र धर्मनिरपेक्ष हो ।' यसबाट उसको इस्लामसँगको सम्बन्ध लगभग टुटेको थियो । तर, करिब ८० वर्षपछि फेरि टर्कीमा धर्मनिरपेक्षताका विषयमा व्यापक रूपमा बहस उठेको थियो ।

टर्कीको सेना धर्मनिरपेक्षताको सबैभन्दा ठूलो आधार हो र यसको तीन आधार, न्यायपालिका एवं उच्च शिक्षा हो । अतातुर्क पनि एक फौजी अधिकारी थिए । यसकारण सेनाले जहिले पनि अतातुर्कको धर्मनिरपेक्षताको अभियानलाई जारी राख्नु आफ्नो कर्तव्य ठान्दै आयो । कुर्द साम्प्रदायिक युद्ध रोक्न टर्की सरकार असफल बन्नुका पछि यो सबैभन्दा महत्वपूर्ण कारण हो । तर, पछिल्लो समयमा टर्कीमा धर्मनिरपेक्षता बच्छ या बच्दैन भन्ने विषय चुनौतीपूर्ण बन्दै थियो ।

यसअघि टर्कीमा केही सफल सैनिक 'कु' भइसकेका छन् । कुनै समय अटोमन साम्राज्यको केन्द्र रहेको टर्कीमा १९२० को दशकमा राष्ट्रवादी नेता मुस्तफा कमाल अतातुर्कको नेतृत्वमा धर्मनिरपेक्ष गणतन्त्र स्थापना भयो । सन् १९२३ मा टर्कीलाई गणतन्त्र घोषित गरिएपछि मुस्तफा कमाल अतातुर्क राष्ट्रपति बने । सन् १९३८ मा अतातुर्कको निधनपछि लोकतन्त्र र बजारमा आधारित अर्थव्यवस्थाको विकासमा खलल पैदा भयो । त्यसपछि टर्कीको सेनाले धर्मनिरपेक्षतामा असर पुग्ने ठानी सरकारलाई कुनै दखल दिएन ।

सन् १९५२ मा टर्की सेनाले अतातुर्कको तटस्थताको नीति छाडेर नेटो गठबन्धनमा सामेल भयो । सन् १९६० मा डेमोक्रेटिक पार्टीको सरकारलाई सेनाले हटाएर सैनिक 'कु'मार्फत आफ्नो सत्ता स्थापना गर्‍यो ।

सन् १९७४ मा टर्की सेनाले साइप्रसको उत्तरी क्षेत्र नियन्त्रणमा लियो । जसको परिणाम स्वरूप साइप्रस विभाजित भयो । सन् १९८० मा टर्कीका चिफ अफ जनरल स्टाफ केनान एभरेनको नेतृत्वमा तेस्रो सैनिक 'कु' भयो । सन् १९८४ मा कुर्द संगठन पीकेकेले गुरिल्ला अभियान सुरु गर्‍यो, जुन एक गृहयुद्धमा परिणत भयो ।

हालसम्म पनि कुर्द संगठन र टर्की सरकारबीच संघर्ष भई नै रहेको छ । टर्की लामो समयदेखि युरोपेली युनियनको सदस्य बन्न खोजिरहेको छ । सन् २००५ मा सदस्यताका लागि छलफल चलेपछि यसले गति लिन सकिरहेको छैन । किनकि, युरोपेली युनियनमा टर्कीलाई सदस्यता दिने विषयमा सहमति हुन सकेको छैन ।

सन् २०११ मा सिरियामा युद्ध सुरु भएपछि टर्कीको सीमाक्षेत्र तनावपूर्ण रहँदै आएको छ । सिरियाली युद्धबाट विस्थापित लाखौं शरणार्थी टर्की पुगेका छन् । टर्कीमा सेनाले सन् १९७१ र सन् १९९७ मा पनि सैनिक 'कु' गरेको थियो ।

*(एजेन्सीहरुको सहयोगमा)*

## रोचक संसार

### एउटै मण्डप, बेहुला एक, ३ बेहुली

भारतको राजस्थानमा अनौठो घटना भएको छ । एकजना पुरुषले एउटै मण्डपमा तीनजना महिलासँग बिहे गरेका छन् । आदिवासी समुदायका ३३ वर्षीय नक्काल कसौटियाले आफूसँग लिभइन रिलेसनमा रहेका ३ वटै महिलासँग बिहे गरे । पोलियोग्रस्त नक्काल एकजना महिलासँग १२ वर्षदेखि लिभइन रिलेसनमा थिए भने अर्कीसँग ८ वर्षदेखि लिभइन रिलेसनमा थिए । त्यस्तै तेश्रो महिलाचाहिँ उसको प्रेमिकाकी बहिनी हुन् । जोसँग उनी पछिल्लो एक वर्षदेखि लिभइन रिलेसनमा थिए । त्यसक्रममा तेश्री प्रेमिका गर्भवती भएपछि उनले बिहे गर्ने निधो गरेका हुन् ।

समाचार अनुसार नक्कालको जीवनमा सबैभन्दा पहिले कतुम्बाई नामकी महिला आइन् । त्यसपछि गाउँकै पुनकी नामक युवतीसँग नक्कालको प्रेम बस्यो । पुनकी पनि अपांग हुन् । पुनकी र कतुम्बाई दुबैजना नक्कालसँगै बस्दै आएका थिए । तर दुवैजनाबाट सन्तान भएनन् । त्यसपछि नक्कालले एक वर्षअघि आफूभन्दा ५ वर्ष कान्छी युवती रेखासँग हिमचिम बढाए । रेखा पुनकीकी बहिनी हुन् । नक्काल र उनका ३ वटी प्रेमिका सँगै बस्न थाले । अन्ततः रेखा गर्भवती बनिन् ।

आफ्नी कान्छी प्रेमिका गर्भवती बनेपछि नक्कालले बिहे गर्ने निधो गरे । गत जुन २० का दिन नक्कालले आफ्ना तिनै जना प्रेमिकासँग सबै परिवारजनको उपस्थितिमा एउटै मण्डपबाट बिहे गरे । आफूले आफ्नै ३ जना पत्नीहरुलाई खुसी राख्ने उनको भनाइ छ । आफूहरुको जीवन खुसीसाथ बितिरहेको उनले बताएका छन् ।

राजस्थानको उदयपुर जिल्लास्थित आदिवासी समुदायको घटना हो यो । उक्त आदिवासी समुदायमा लिभइन रिलेसनसीपको प्रचलन रहेको छ । कैयन् वर्षसम्म लिभइन रिलेसनमा रहेपछि मात्र यस समुदायका महिला पुरुषले बिहे गर्दछन् ।

### मैदानमा नेमार लड्दा सित्तैमा रक्सी

विश्वका सबैभन्दा महंगा फुटबलर नेमारले जारी विश्वकपमा अपेक्षा अनुरुपको प्रदर्शन गर्न सकिरहेका छैनन् र अनावश्यक रुपमा आवश्यकता भन्दा बढी लडिरहेको अर्थात् डाइभ हानिरहेको भनी उनको आलोचना भइरहेको छ । यद्यपि, यी ब्राजिली सुपरस्टारको प्रदर्शनमै ब्राजिलको विश्वकप सपना अडेको छ ।

नेमारको लडिबुडी मजाक बनिरहेको बेला ब्राजिलको एउटा बारले भने अनौठो घोषणा गरेको छ । रियो दि जेनेरियोमा रहेको उक्त बारले बुधबार हुने सर्बिया र ब्राजिलबीचको निकै महत्वपूर्ण खेलका दौरान हरेकपटक नेमार मैदानमा लड्दा फुटबल फ्यानलाई सित्तैमा रक्सी पिलाउने घोषणा गरेको हो ।

उत्तरी रियोको सर वाल्टर पबले आफ्नो फेसबुकमा यस्तो घोषणा गरेको हो । उसले लेखेको छ, 'नेमार जब मैदानमा लड्नेछन् तब बारमा सबैलाई निःशुल्क एक प्याला शट (रक्सी) मिल्नेछ ।'

सोसल मिडियामा यो पोष्ट निकै भाइरल बनिरहेको छ । नेमारका फ्यानहरुले यसको खुबै तारिफ गरिरहेका छन् ।

### "नो पेन्टी डे"

मानिसहरू आफ्ना परम्परागत बिदाबाट खासै सन्तुष्ट छैनन् त्यसैले उनीहरू आजकाल विभिन्न नौला किसिमका दिवसहरू मनाउन थालेका छन् । हामीले नेपालमा गणतन्त्र दिवस, प्रजातन्त्र दिवस जस्ता दिवसहरू मनाउँदै आएका छौं । त्यस्तै पश्चिमा सँस्कृतिबाट प्रभावित भइ मनाउन थालिएको 'फ्रेन्डसिप डे ' र 'भ्यालेन्टाइन्स डे' पनि युवापुस्ताले राम्रैसँग मनाउँछन् तर, के तपाईले ' नो पेन्टी डे' अर्थात पेन्टी नलगाउने दिवसको बारेमा सुन्नुभएको छ ।

जुन २२ लाई नो पेन्टी डे को रुपमा मनाइने गरिन्छ । विशेषगरि इन्टरनेट विस्तार भएपछि सामाजिक सञ्जालहरूको माध्यमबाट यो दिवस मनाउनेको सङ्ख्या बढीरहेको छ ।

'नो पेन्टी डे' मनाउन ठ्याक्कै कहिलेबाट सुरु भयो भन्ने छैन तर ९० को दशकको सुरुवातबाट मनाउन थालिएको विश्वास गरिन्छ । यो दिवसमा विशेषगरी युवतीहरूले भित्री वस्त्र अर्थात पेन्टी लगाउँदैनन् । यस्तै युवतीहरूले ' नो ब्रा डे' पनि मनाउने गर्छन् । धेरै युवतीहरूले विशेषगरि सामाजिक प्रतिबन्धलाई चुनौती दिँदै स्वतन्त्रता महसुस गर्न यो दिवस मनाउने गर्छन् ।

नेपाली युवतीहरूले यस्ता दिवस खुलेरै मनाइएको पाइदैंन तर, सामाजिक सञ्जालको प्रयोगमा व्यापकतासँगै नेपाली युवतीहरूले पनि यस्ता दिवसबारे चासो राख्ने गरेका छन् ।

यस्तो भित्री वस्त्र नलगाउने सोचको बारेमा धेरैले विभिन्न नकरात्मक धारणाहरू राख्ने गर्छन् । यो यौन स्वास्थ्यको लागि पनि हानीकारक हुने विश्वास धेरैले गर्छन् । तर, यस दिवसको समर्थन गर्ने युवतीहरूले भने पेन्टी नलगाउँदा सजिलो हुने र स्वतन्त्रता महसुस हुने बताउँदै आएका छन् ।

### महँगो टेबुल

मामुली प्रयोगका सामानहरु पनि दुनियामा करोडौं मूल्यमा लिलामी भएका खबरहरु हामीले सुन्दै आएका छौं । अब यही क्रममा एउटा टेबुलले अर्को विश्व कीर्तिमान कायम गर्दैछ ।



बेलायतको लण्डनमा बहुमुल्य वस्तुहरुको कला प्रदर्शनी हुँदैछ र त्यसमा ४ सय वर्ष पुरानो एउटा टेबुल १ अर्ब २६ करोड रुपैयाँ सुरुवाती मूल्य सहित लिलाम बढाबढमा राखिनेछ ।

सन् १५६८ मा फ्लोरेन्सको राजगद्दीका उत्तराधिकारी फ्रान्सेस्को डी मेडिसीले विख्यात कलातकार तथा आर्किटेक्ट जर्जियो वासारीबाट उक्त टेबुल तयार पारेका थिए । यति बहुमूल्य हुनुमा यो टेबुलको ऐतिहासिकताका साथै यसको विशेष प्रविधिका कारणले पनि हो ।

यो टेबुल पिएत्रे ड्युरे नामको एउटा प्रविधिको सहयोगमा तयार गरिएको हो । जसमा निकै पातला तथा बहुमुल्य कलात्मक पत्थरहरु सयौंको संख्यामा जडान गरिएको छन् । यो टेबुल बनाउनका लागि सेतो रंगका सिंगमर्मरका टुक्राहरुको पनि प्रयोग गरिएको छ । यो टेबुल बनाउनमै १० वर्ष लागेको थियो । र, त्यो समयको सबैभन्दा महंगो कलात्मक वस्तु रहेको इतिहासमा उल्लेख छ ।

### माटोको मटुलो किन्न तछाडमछाड

संसारमा अनेक प्रकारका मान्यता तथा परम्परा रहेका छन् । यस्ता मान्यता चाहे जति नै रुढीग्रस्त तथा महंगा नै किन नहोउन् मानिसहरु पालना गर्न हिच्किचाउँदैनन् ।

कतिपय परम्परामा चाहि निकै नै सामान्य तथा व्यर्थको लाग्ने कुराका लागि समेत मानिसहरु मरिहत्ते गर्दछन् । यस्तै परम्परा भारतको मध्यप्रदेशमा रहेको छ, जहाँ मानिसहरु माटोको मटुलो किन्नका लागि तछाडमछाड गर्दछन् ।

भारतको मध्यप्रदेशस्थित शिवपुरीमा रहेको प्राचीन शक्तिपिठ राजेश्वरी माताको मन्दिरमा हरेक वर्ष मटुलोको मेला लाग्दछ । मार्च महिनामा लाग्ने उक्त मेलामा मटुलो किन्नको ठूलो भिड हुन्छ ।

उक्त मेलामा किनेको मटुलो निकै शुभ हुने र त्यसलाई घरमा राखेमा घरमा अभाव र अनिकाल नहुने तथा धनलाभ प्राप्त हुने जनविश्वास रहेको छ । सोही कारण हरेक वर्ष मटुलो किन्नका लागि लाखौं मानिसहरु मन्दिरमा आउँदछन् ।

### कम बोलिने देश



कम बोल्नु कोही मानिसको आदत हुनसक्छ । तर देशका सबै जनता नै कम बोल्छन् भने बुझ्नुपर्छ, दालमा कुछ काला हे । यो सुन्दैमा अनौठो लाग्न सक्दछ ।

युरोपेली मुलुक लातभिया यस्तो देश हो जसलाई कम बोल्ने जनता भएको देश भनिन्छ । कम बोल्नु त्यहाँको संस्कृतिको एक हिस्सा हो । यद्यपि, कतिपय लातभियन भने यो संस्कृतिको खुलेर आलोचना गर्दछन् ।

लातभियनहरु निकै सिर्जनशील हुन्छन् । मानिसहरु कम बोल्दै रचनात्मक सोचका साथ सम्बन्धको खोजी गर्दछन् । यसलाई देशको विशेषता मानिन्छ ।

हालै बेलायतको लण्डनमा भएको पुस्तक प्रदर्शनीमा लातभियन कमिक बुक चर्चामा रह्यो । लातभियन साहित्य संस्थाले तयार पारेको उक्त पुस्तक 'म अन्तर्मुखि छु' नामक अभियानको हिस्सा हो । यो अभियानको सुरुवात लातभियन लेखिका अनेते कोनस्तेले सुरु गरेकी हुन् । उनका अनुसार कम बोल्नु र मानिसहरुसँग कम भेटघाट गर्नु राम्रो बानी होइन ।

दुनियाँ एकठाउँमा आएको र मानिसहरु एक आपसमा खुलेर आफ्ना विचारहरु राखिरहेको बेलामा एकलकाटे हुनु र गमक्क पर्नु हानिकारक हुने भएको हुँदा मानिसहरुले आफ्नो आनीबानी बदल्नुपर्ने सुझाव उनको छ ।

एक अध्ययन अनुसार कला, संगीत तथा लेखन जस्ता सिर्जनात्मक काममा आबद्ध लातभियालीहरु निकै अन्तरमुखी तथा आफ्नै दुनियाँमा रमाउने खालका छन् । यो देशका मानिसहरु कम बोल्नेमात्र होइन, एकान्त मन पराउने खालका छन् । एक अर्को परिचितसँग भेट हुँदा पनि मानिसहरु मुस्कुराएको देख्न मुस्किल पर्छ । अझ कोही अपरिचितसँग आँखा जुध्दा मुस्कुराउने भन्ने त उनीहरुको शव्दकोषमै छैन ।

लातभियालीहरु एक अर्कासँग भेट गर्न पनि हिच्किचाउँछन् । मानिसहरु खुल्ला सडकको साटो भित्री गल्लीबाट हिँड्न रुचाउँछन् । धेरै मानिसहरुको जमघट हुने खालका कार्यक्रमको आयोजना पनि निकै कम हुन्छ ।

लातभियन गीत तथा नृत्य महोत्सव त्यहाँको सबैभन्दा ठूलो महोत्सव हो । उक्त महोत्सवमा १० हजार भन्दा धेरै कलाकारले भाग लिन्छन् । तर यति धेरै कलाकार हुँदा पनि दर्शकहरुको संख्या कम भएपछि यो महोत्सव बर्सेनि हुन छाड्यो र पाँच वर्षमा एकचोटी आयोजना गरिन्छ । *अनलाइन खबरबाट*

प्रेरक प्रसंग

## समय

स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरु सधैंझैं बिहान दाह्री काट्दै थिए। समय बिहानको पाँच बजेको थियो। उनलाई भेट्न एक भलाद्मी आइपुगे। नेहरुले सोधे- भन्नोस् कति कामले आउनुभयो ? आगन्तुकले जवाफ दिए- काम त केही थिएन, यसो हजुरको दर्शन गरुँ भनेर आएको।

नेहरु समयलाई अत्यन्त महत्व दिन्थे। बिनाकाममा समय खर्च गर्न चाहँदैनथे उनी। बगेको खोला र बितेको समय फेरि फर्केर आउँदैन भन्ने कुरा नेहरुलाई राम्ररी थाहा थियो। बेकारमा एउटा मान्छे आएर आफ्नो समय बर्बाद गरिरहनु परेकोमा नेहरुलाई रिस उठ्यो। उनले ती आगन्तुकलाई भने- 'ए त्यसो भए लौ दर्शन गर्नोस्।' उनले दाह्री काट्न अनुहारमा साबुन दलेका थिए। साबुनको फिँजले उनको अनुहार विभत्सको बनेको थियो। उनले आफ्नो टाउको आगन्तुकतिर मोडे र आफ्नो अनुहार देखाए। अनि फेरि उनले भने- 'महोदय लौ मेरो दर्शन गर्नोस्। नेहरुको साबुन दलेको अनुहार देखेर त्यो मान्छे झन्डै आत्तियो।

## अठोट

इलाहावादको एउटा विद्यालयमा शिक्षा कार्यालयबाट निरीक्षक निरीक्षणका लागि आए। शिक्षकहरुले निरीक्षकलाई कक्षा कोठामा लगे। निरीक्षकले बोर्डमा केही लेखे र विद्यार्थीहरुलाई लेख्न निर्देशन दिए। सबै विद्यार्थीहरु बोर्डमा लेखेको विषयमा कलम चलाउन थाले। तर एकजना विद्यार्थी भने केही पनि नलेखी चुपचाप बसिरहेका थिए। यही बेला केही क्षणका लागि निरीक्षक कक्षा बाहिर निस्किए। एकजना शिक्षक ती विद्यार्थीको छेउमा आएर भने- तिमीले जानेनौ भने अगाडिको साथीले लेखेको सार। ती विद्यार्थीको जवाफ थियो- म अर्काको नक्कल गर्दिन अर्काको चोर्दिन। शिक्षक नाजवाफ भए। तिनै विद्यार्थी पछि महात्मा गान्धीका रुपमा प्रसिद्ध भए।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

सामान्य काममा धन र श्रम खर्चनुपर्ला। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला। गोपनीयता बाहिरिनाले अप्ठ्यारो पर्न सक्छ । सहयोगीहरू पछि हट्नेछन् भने आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्। समयमै सावधान हुँदा क्षति कम हुनेछ ।

### बृष

मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चालु बन्नेछ। लोकाचारका लागि भोगविलासका वस्तु जुटाउनुपर्ला। परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउने समय छ । तापनि व्यापार बढ्नेछ भने आयआर्जनका स्रोत मनग्गे फेला पर्नेछन् । तर मौका आए पनि नयाँ काम थाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

### मिथुन

शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्गे फाइदा हुनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । ईर्ष्या गर्नेहरूले भने निकै सताउन सक्छन् । चुनौती चिर्दै काम बनाउन सकिनेछ। सामान्य भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ ।

### कर्कट

प्रयत्न गर्दा चिताएका काम सम्पादन हुनेछन् । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सहपाठीहरू पछि पर्नेछन्। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ ।

### सिंह

हिस्सेदारसँग असमझदारी बढे पनि नयाँ सम्झौता हुन सक्छ । स्थायी सम्पत्तिमा देखिएको विवाद सुल्झाउन सकिनेछ। शुभचिन्तकहरूको साथ जुट्नाले चिताएका काम सम्पादन हुनेछन् । प्रक्रिया दोहोऱ्याउनुपरे पनि अन्ततः आफैंलाई फाइदा हुनेछ । भौतिक साधन जुट्नाले जीवनशैलीमा पनि परिवर्तन आउनेछ । अनावश्यक साइनो गाँस्नेहरूबाट भने सावधान रहनुहोला ।

### कन्या

काममा मिहिनेतको फल प्राप्त हुनेछ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुन सक्छ । व्यापारमा पनि मनग्गे धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । मिहिनेतले महत्वाकांक्षी काम सम्पादन गर्न सफल भइनेछ ।

### तुला

विचारले धेरैलाई आकर्षण गर्ने समय छ। बोलीको भरमा चिताएको काम सम्पादन हुन सक्छ। प्रशंसकहरू बढ्नेछन् । बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन हुनेछन् ।

### वृश्चिक

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला ।

### धनु

समयमा होस नपुग्नाले आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ। घरखर्च बढ्नुका साथै अर्थ अभाव देखा पर्नेछ । तापनि विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपरे पनि मिहिनेतको प्रतिफल प्राप्त हुनेछ । दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम सम्पादन हुनेछ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ ।

### मकर

आयआर्जनका स्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुनेछ । कृषि, पशुपालन तथा व्यापारमा मनग्गे लाभ हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । अध्ययनमा राम्रै प्रगति हुनेछ। नयाँ ज्ञान सिक्ने समय छ । धनको उपयोगबाट विशेष फाइदा हुनेछ । श्रमको उचित मूल्यांकन होला । मिहिनेतले आम्दानी बढाउनेछ । दिन उत्साहवर्द्धक रहनेछ ।

### कुम्भ

तारिफयोग्य कामको चर्चा हुनेछ । उपलब्धिको स्रोत प्राप्त हुनुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । मिहिनेतले विशेष स्थान दिलाउन सक्छ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर जुट्नेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा होला ।

### मीन

स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला । अवसरका लागि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । तापनि अध्यात्मभाव जागृत हुनाले परोपकामा मन जानेछ। तर आफ्नो वस्तुमा अरूले दाबी गर्न सक्छन् । श्रम परे पनि चिताएको काम रोकिनाले दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । आजको मिहिनेतले भविष्यमा भने नाम र प्रतिष्ठा दिलाउन सक्छ ।

## सर्वाधिक महँगा नायक

सुपरस्टार अनमोल केसी वर्षमा एक मात्र फिल्म लिएर दर्शकमाझ पुग्ने गर्दछन्। गएको ५ वर्षमा उनले 'होस्टेल', 'जेरी', 'गाजलु', 'ड्रिम्स' र 'कृ' फिल्ममा मात्र काम गरे। डिमाण्ड उच्च भएपनि छानेर फिल्म गर्ने अभिनेता हुन् उनी। उनी नेपालका सर्वाधिक महँगा नायक समेत हुन्। अचेल अनमोल आफ्नो छैटौं प्रोजेक्ट 'क्याप्टेन' को छायांकनमा व्यस्त छन्। यसमा उनी एक फुटबल खेलाडीको भूमिकामा देखिँदैछन्। यसपछि उनले झरना थापाको 'ए मेरो हजुर ३' र मिलन चाम्सले निर्देशन गर्ने 'ब्याचलर बन्टी' को सुटिङ ज्वाइन गर्दैछन्।

वर्षमा एक मात्र फिल्म गर्ने अनमोल के अब पैसामुखी भएका हुन् ? लगातार फिल्ममा अनुबन्धित हुनुले उनीमाथी प्रश्नचिन्ह खडा भएको छ। शनिवार राजधानीमा 'अनमोल इभ' को विषयमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा अभिनेता केसीले यस विषयमा मुख खोले। उनी भन्छन्, 'म पैसाको पछाडि पर्ने भएको भए पहिला देखि नै भटाभट फिल्म गर्थें होला। नेपालमा राम्रो स्क्रिप्ट कहिले पाउँछ भन्ने नै थाहा हुँदैन। मैले एकैचोटी राम्रो स्क्रिप्टहरु पाएँ अनि गर्न लागेको हुँ।'

## "बाबु कान्छा" ट्रेलर रिलिज

अभिनेता सलोन बस्नेत स्टारर फिल्म 'बाबु कान्छा' को अफिसियल ट्रेलर सार्वजनिक भएको छ। ट्रेलरमा सलोन हाबी छन्। प्रेम, रोमान्स र द्वन्द्वलाई ट्रेलरमा मुख्य स्थान दिइएको छ। चार वर्षदेखि एलिसा उर्फ अभिनेत्री करिश्मा श्रेष्ठ बेपत्ता छिन्। यसको आरोप सलोनमाथि थोपरिन्छ। बरिष्ठ कलाकार नीर शाहले एलिसाको बारेमा सोध्दै उनीलाई गालामा थप्पड पनि लगाएका छन् । ट्रेलरमा सलोनको कमेडी र एक्सन पाटो पनि देखाइएको छ। शोभित बस्नेतको निर्माण तथा निर्देशन रहेको 'बाबु कान्छा' मा सरोज खनाल, राजाराम पौडेल, लय संगौला, ऋतिक शाही, सम्राट सापकोटा, मञ्जु पौडेललगायतका कलाकारहरुको पनि अभिनय रहेको छ। यो फिल्मबाट अश्लिन ज्ञवाली र ज्योत्सना महर्जनले डेब्यू गरेका छन्। सञ्चारकर्मी रबि अधिकारी कार्यकारी निर्माता रहेको 'बाबु कान्छा' मा सन्तोष राज भण्डारी र सुरज घिमिरे सह(निर्माताको रुपमा रहेका छन्। बाबु श्रेष्ठ र कृष्ण श्रेष्ठको छायांकन रहेको फिल्ममा रामजी लामिछाने र दिपेन्द्र तिमिल्सेनाको कोरियोग्राफी छ । उक्त फिल्ममा अष्ट महर्जनको द्वन्द, गौतम राज खड्काको सम्पादन, टंक बुढाथोकीको संगीत रहेको छ भने ओम सुनारले 'कर्णवीर' को 'चन्द्रमा झैँ राम्री छौ' गीतलाई रिमिक्स गरेका छन्। यो फिल्म असार २९ गतेबाट प्रदर्शनमा आउँदैछ।

## "कायरा" ट्रेलर रिलिज

चकलेटी नायक आर्यन सिग्देल र 'मस्ट डिमान्डेड' अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह स्टारर फिल्म 'कायरा' को अफिसियल ट्रेलर इन्टरनेट रिलिज भएको छ।

साउन १८ गतेलाई प्रदर्शन मिति तोकिएको फिल्मको ट्रेलरमा आर्यन र साम्राज्ञी बीचको प्रेम, रोमान्स र विछोड देखाइएको छ। ट्रेलरमा धेरै हदसम्म कमर्शियल भ्यालु देखिएको यस फिल्मलाई अभिनेता आर्यन स्वयमले निर्माण गरेका हुन्।

निर्माण टिम पहिलो प्रचार सामाग्री स्वरुप गीत युट्युबमा सार्वजनिक गर्ने तयारीमा थियो तर हार्डडिक्सबाट गीत नै चैट भएपछि ट्रेलर सार्वजनिक गरिएको हो। पहिलो पटक आर्यन र साम्राज्ञीको जोडी स्क्रिनमा देखिन लागेका कारण यो फिल्मप्रति दर्शकको चासो केही माथी छ । अभिनेता सिग्देलले 'कायरा' म्यूजिकल लभस्टोरी कथामा निर्माण भएको बताए। ट्रेलर सार्वजनिक कार्यक्रममा बोल्दै उनले भने, 'फिल्म क्षेत्रमा १५ वर्षभन्दा बढी बिताइसकें। लभस्टोरी फिल्मको पारखी भएर म यहाँसम्म आइपुगेको हुँ। 'कायरा' पनि लभस्टोरी फिल्म नै हो ।

## स्वस्तिमा नयाँ भूमिकामा

नायिका स्वस्तिमा खड्कालाई दर्शकले अब फरक भूमिकामा देख्ने भएकी छिन्। मल्टिस्टार कलाकारको चलचित्रमा काम गर्दै आएकी स्वस्तिमालाई दर्शकले अब ट्याम्पु चालक महिलाको भूमिकामा देख्ने भएका छन्। आज घोषणा भएको चलचित्र 'बुलबुल'मा स्वस्तिमाले यो फरक भूमिका निर्वाह गर्न लागेकी हुन्। यो भूमिकालाई लिएर स्वस्तिमा आफै पनि उत्साहित छिन्।

चलचित्रमा स्वस्तिमाको साथमा मुकुन भुषाल, जोयश पाण्डे, लक्ष्मी वर्देवा, दिपक क्षेत्री, उज्ज्वल अधिकारीको मुख्य भूमिका रहनेछ। आशिका अधिकारीलाई बाल-कलाकारको रुपमा चलचित्रमा देखिनेछ। चलचित्रमा कोशिश क्षेत्री र उद्गम परियारको संगीत, सुशान प्रजापतिको छायांकन रहनेछ। अविरल थापा, भिम थापा, राजु पौडेल र पुरुषोत्तम पाण्डेको लगानी रहने चलचित्रमा विनोद पौडेलको कथा, पटकथा तथा निर्देशन रहनेछ। निर्देशक पौडेलले नेपाली चलचित्रको बिषयमा उठ्ने थुप्रै प्रश्नको यो जवाफ यो चलचित्रले दिने बताए।

## "प्रसाद" को छायांकन सुरू

भक्तपुरको काँडाघारीमा रहेको गान्धी महिला आश्रममा शुभसाइत गर्दै चलचित्र 'प्रसाद'को छायांकन सुरु गरिएको छ। दिनेश राउतले निर्देशन गर्न लागेको यो चलचित्रमा विपिन कार्की, नम्रता श्रेष्ठ, निश्चल बस्नेतको मुख्य भूमिका छ।

शुभसाइत समारोहमा चलचित्रका मुख्य ३ कलाकारले संवाद बोलेर मुहुर्त सट दिएका थिए। चलचित्रमा विपिन र नम्रतालाई श्रीमान(श्रीमतिको भूमिकामा देखाउने तयारी निर्देशक राउतले गरेका छन्। निश्चलको भूमिका बारे केही पनि बोलिएको छैन। निःसन्तान दम्पत्ती र उनीहरुको पीडाको कथालाई चलचित्रले उठान गर्नेछ। सुवास थापको निर्माणमा तयार हुन लागेको यो चलचित्रको कथा रंग पत्रकार सुशिल पौडेलले लेखेका हुन् । चलचित्रको मुहुर्त समारोहमा कलाकार बसुन्धरा भुषाल, निर्देशक राउत, नायिका नम्रता लगायतले पूजा गरेका थिए। चलचित्रमा राजेश श्रेष्ठको छायांकन, सुवास भुषाल र कोशिष क्षेत्रीको सगीत रहनेछ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Amalgamate = एक हुनु, संयुक्त हुनु We activists of Greater Nepal create public opinion in favor of amalgamating the lost territories because of the Treaty of Sugauli again into Nepal (हामी विशाल नेपालका पक्षपातीहरू सुगौली सन्धिको कारण गुमेको नेपालको भूभाग पुनः नेपालमा नै एकत्रित गर्न आवश्यक जनमत निर्माण चाहन्छौं)

Bulwark = बलियो प्रतिरक्षा The navy was the principal bulwark of Great Britain against other Euorpean armies (बेलायतको जलसेना युरोपेली अन्य देश सेनाहरूको विरुद्धमा बलियो प्रतिरक्षा थियो)

Collusion = अनियमित षड्यन्त्रकारी योजना Most of the Italian political parties collapsed for their making political collusion in partnership with mafia (माफियाहरूसँगको मिलोमतो राजनीतिक षड्यन्त्र गरेको कारण इटलीका राजनीतिक दलहरू ध्वस्त हुन पुगे)

Diffuse = छर्नु । फैलाउनु The duties of the mission are to diffuse their religion (मिसनहरूको मुख्य उद्देश्य तिनीहरुको आफ्नो धर्म फैलाउनु हो )

Ephemeral = छोटो आयु भएको In this world there are many ephemeral creatures whose adult life lasts no more than a day (यो विश्वमा यस्ता छोटो आयु भएका प्राणीहरू पनि छन जुन प्रौढ हुनासाथ एक दिनभन्दा केही बढी समय मात्र बाँच्छन्)

Foment = असन्तोष वा कुभावना फैलाउनु For fomenting disorder in the country the radical party was banned (देशमा अशान्ति फैलाएको उग्रवादी दललाई प्रतिबन्ध लगाइयो)

Gruff = खस्रो मिजास । व्यवहारको For others he is a gruff but for me he is quite gentle (अरूसँग खस्रो मिजास गरे पनि मसँग चाहि ऊ ज्यादै भलाद्मी छ)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

सिङ भएको विषालु भ्यागुतो र कुकुर जस्तो भुक्ने भ्यागुतो कहाँ पाइन्छ ?
- ब्राजिल, ट्रोज भ्यागुतो

पृथ्वीले सूर्यलाई परिक्रमा गर्छ सर्वप्रथम भन्ने वैज्ञानिक को हुन् ?
- निकोलाई कोपोरेन्किस

२५ मे १९८७ सम्म अमेरिकी संविधानले कति वर्ष पूरा गऱ्यो ?
- २०० वर्ष

पेट्रोल प्राप्त गर्ने बिरूवाको नाम के हो ?
- युफोविरिया

कुन ग्यासबाट बिजुली उत्पन्न गर्ने प्रयास भइरहेको छ ?
- हाइड्रोजन, भारत

विश्वको सबभन्दा खतरनाक परमाणु रिएक्टर दुर्घटना कहाँ भएको थियो ?
- चेर्नोबिल

खराब मानिसलाई सुधार्ने मुख्य औषधि प्रेम र स्नेह हो भन्ने भनाइ कसको हो ?
- महात्मा गान्धी

२०४४ साल साउन १७ गते कोरिया प्रस्थान भएको टेबुलटेनिस टोलीमा सबभन्दा कम उमेरको खेलाडी को हुन् ?
- सुश्री ज्योत्सना श्रेष्ठ, १० वर्ष

कुन सम्राटले हत्कडी लगाएर शासन चलाएको थियो ?
- बगदादको खलिफा बहरे

३०० देशका द्विप भनेर कसलाई भनिन्छ ?
- फिजी

सार्कको स्थायी सचिवालय कहाँ छ ?
- काठमाडौं

समुद्रको तल बसेको देश कुन हो र त्यसको राजधानी कहाँ छ ?
- होलेन्ड, एमस्ड्रम

विश्वको सबभन्दा ठूलो हुलाक टिकट कुन देशको छ ?
- फ्युजिरिया

ओलम्पिक खेलमा फुटबल कहिले सम्मिलित भयो ?
- सन् १९००

## Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Go in for something = केही कुरामा लाग्नु He goes in for stamp collection ऊ हुलाक टिकट संकलनमा लागेको छ ?

Go into = प्रवेश गर्नु They have decided to go into army तिनीहरुले सैनिकमा प्रवेश गर्ने निर्णय गरेका छन् ।

Go into something = केलाउनु I do not want to go into detail म हरेक कुरा केलाउन चाहन्न ।

Go off = पड्कनु The gun went off by accident बन्दुक अचानक पड्क्यो ।

Go off somebody = पर बस्नु He seems to be going off his wife ऊ आफ्नो श्रीमतीबाट परै बस्ने छाँटमा छ ।

Go off something = वस्तुबाट टाढिनु I have gone off alchol म रक्सिबाट टाढिएको छु ।

Go on = हलचल गर्नु Only after tea I can go on चिया लिए पछिमात्रै म हलचल गर्छु ।

Go on something = शुरु गर्नु She has gone on the pills तिन्ले परिवार नियोजनको चक्की लिन शुरु गरेकी छिन् ।

Go on about something = विषयमा कुरा गर्नु There is no need of going an about smoking यहाँ धुम्रपानको विषयमा कुरा गर्न आवश्यक नै छैन ।

Go on with = निरन्तरता दिनु He finished eating and went on with his story telling खाना सक्नासाथ उसले आफ्नो कथा वाचनलाई निरन्तरता दियो ।

## सुडोकु-अंक १०८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ९ | ४ | २ | | | | | |
| | ६ | | | | | | १ | |
| ९ | | | | | | | | ७ |
| | ७ | ४ | १ | | ८ | ६ | २ | |
| ५ | | | | | | | | १ |
| | २ | ६ | ५ | | ४ | ९ | ७ | |
| ८ | | | | | | | | ६ |
| | ९ | | | | | | ५ | |
| | | | ३ | ६ | ७ | | | |

## अंक १०७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | १ | ५ | ३ | ९ | ८ | ६ | ४ | ७ |
| ७ | ६ | ८ | १ | ४ | २ | ३ | ५ | ९ |
| ३ | ९ | ४ | ७ | ६ | ५ | ८ | २ | १ |
| ६ | ७ | १ | २ | ३ | ४ | ९ | ८ | ५ |
| ४ | ३ | ९ | ५ | ८ | ६ | ७ | १ | २ |
| ५ | ८ | २ | ९ | १ | ७ | ४ | ३ | ६ |
| १ | ५ | ३ | ४ | ७ | ९ | २ | ६ | ८ |
| ९ | ४ | ६ | ८ | २ | १ | ५ | ७ | ३ |
| ८ | २ | ७ | ६ | ५ | ३ | १ | ९ | ४ |


# बाल विकास समाजका विविध गतिविधि



अन्तरक्रिया गर्दै संस्थाका कार्यक्रम व्यवस्थापक प्रदिपकुमार श्रेष्ठ



अन्तरक्रियाका क्रममा आफ्नो कुरा राख्दै सहभागीहरू



लिखित रूपमा तयार गर्दै सहभागी



तालिममा सहभागी बालबालिकाहरू




अभिमुखीकरण कार्यक्रमका सहभागीहरू



नाटक हेर्दै विद्यालयका बालबालिकाहरू



नाटकमा अभिनय गर्दै बालबालिकाहरू

## सकारात्मक अभिभावकत्वसम्बन्धी अन्तरक्रिया

बाल विकास समाजले Friends of Nepal Adelaide Inc.-Australia को सहयोगमा काभ्रे जिल्ला पाँचखाल नगरपालिका वडा नं. १२ मा स्वरोजगार शिक्षा कार्यक्रम अन्तर्गत जरेटार र तीनघरेमा संचालन गरिरहेको छ । "महिला स्वरोजगार : बाल विकासको पूर्वाधार" भन्ने नाराका साथ संचालित यस कार्यक्रममा २ वटा कक्षा तथा समूहका नियमित कार्यहरु संचालनमा छन् । निरक्षर तथा सामान्य साक्षर, आर्थिक रुपले पछाडि परेका तथा विपन्न वर्गका महिलाहरुको साक्षरतासँगै आर्थिक रुपमा समेत सशक्तिकरण गर्ने उद्देश्यका साथ यस कार्यक्रम संचालन भइरहेको हो । विशेषत: दनुवार समुदायका महिला सशक्तिकरण गरी बालबालिकाको अधिकार सुनिश्चित गर्न आमाहरुलाई सक्षम बनाउने यस कार्यक्रमको लक्ष्य रहेको छ । उक्त स्थानमा रहेका समूहका महिला तथा अभिभावकहरुलाई सकारात्मक अभिभावकत्व विषयमा अन्तरक्रियात्मक कार्यक्रम यही असार ४ र ५ गतेका दिनमा सम्पन्न भएको छ ।

तीनघरे र जरेटारमा छुट्टा छुट्टै भएको उक्त अन्तरक्रियामा ५८ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको सुरुमा स्वरोजगार शिक्षा कार्यक्रम र यसको उद्देश्य तथा हालसम्ममा भएका प्रगतिका बारेमा संक्षिप्त रुपमा छलफल गरिएको थियो भने उपस्थित अभिभावक र महिला सहभागीहरुको परिवार संख्या र उनीहरुका बालबालिकाको विषयमा जानकारी गरिएको थियो । आफ्नो परिवारको बालबालिकाको अवस्थाको बारेमा सहभागीबाट जानकारी गराइए पछि कार्यक्रम व्यवस्थापक प्रदिपकुमार श्रेष्ठबाट ती बालबालिकाहरु भविष्यमा कस्तो भएको हेर्न चाहनुहुन्छ भन्ने विषयमा छलफल भएको थियो । बालबालिकाहरु भविष्यमा असल व्यक्ति बन्नका लागि अभिभावकले के कस्ता आवश्यकता पूरा गरिदिनुपर्छ भन्ने विषयमा छलफल गर्दा बालबालिकाको आधारभूत आवश्यकता परिपूर्ति गर्ने जिम्मेवारी अभिभावकको रहेको कुरा व्यक्त भएको थियो । त्यही आवश्यकता नै बालअधिकार भएको र हामीसबैले बाल अधिकार पूरा गर्नका लागि सही तरिकाबाट असल अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने कुरामा छलफल गरियो । यदी अभिभावकले उनीहरुको अधिकार पूरा गरिदिन नसकेमा भविष्यमा उनीहरु खराब व्यक्ति बन्ने तथा ती बालबालिकाहरु विभिन्न श्रमक्षेत्रमा काम गर्न पुग्ने र सधैं जोखिममा परिरहने कुरा प्रष्ट पारिएको थियो । आफ्ना बालबालिकाकालाई कुनै पनि जोखिममा पर्न नदिनका लागि अभिभावकले उनीहरुको शिक्षा, स्वास्थ्य र सहभागिता, खेल, सरसफाइ र अन्य आवश्यकता पूरा गर्नमा बढि ध्यान दिने कुरामा सहमत भएका थिए । आफ्ना छोराछोरी साँच्चै भविष्यमा अभिभावकले सोचेको जस्तो असल नागरिक बन्नका लागि अभिभावकले घर परिवारमा उनीहरुलाई राम्रो व्यवहार गर्ने, बोलिचालीमा सुधार गर्ने तथा उपयुक्त वातावरण तयार गर्ने बारे प्रतिबद्ध भएका थिए । घरमा आमाबुवा वा अभिभावकले यस्ता विषयमा ख्याल गर्न सकेमा मात्र बालबालिकाको अधिकार परि पूर्ति हुने तथा असल अभिभावकको दायित्व पूरा हुने कुरामा समेत अन्तरक्रिया गरिएको थियो ।

## किशोरकिशोरीहरुलाई जीवनोपयोगी सीप

बाल विकास समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानको संयुक्त प्रयासमा सञ्चालित विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत जनकल्याण उच्च माद्यामिक विद्यालयका किशोरकिशोरीहरुका लागि सञ्चालन भइ रहेको जिवन उपयोगी सीप तालिमको सातौ हप्ता सम्पन्न भएको छ । उक्त तालिममा समालोचनात्मक सोचाइका बारेमा छलफल भएको हो । तालिममा सहभागी भएका किशोरकिशोरीहरुले सृजनात्मक सोचाइका बारेमा सिक्न पाउदा खुशी लागेको कुरा बताएका थिए । तालिममा जीवन उपयोगी सीपका १० वटा विषयका बारेमा हरेक हप्ताको शनीबार छलफल गरिन्छ । यसबाट सहभागीहरुलाई जीवन उपयोगी सीपका बारेमा थाहा पाउनुका साथै आफ्नो दैनिक जीवनमा सिकेका कुरालाई कसरी लागू गर्दै लाने भन्ने सम्बन्धमा पनि उपायहरु सिकाउनु उनीहरुका लागि महत्वपूर्ण हुन्छ । यसैले सहभागीहरुलाई हरेक विषयमा ३ देखि ४ घन्टा छलफल गराइन्छ । विद्यालयको समन्वयमा सन्चालित यो तालिमले किशोरकिशोरीहरुलाई सकरात्मक परिवर्तनको मार्ग देखाएको छ । आठौ चरणको तालिममा तनाव व्यवस्थापनको बारेमा छलफल गराइएको थियो । तालिममा किशोरकिशोरीहरुले सक्रियता पूर्वक सहभागिता जनाएका थिए । विशेषगरी किशोरावस्थामा तनावलाई व्यवस्थापन गर्न सकिएन भने विभिन्न जोखिमपूर्ण व्यवहारमा लाग्न सक्ने हुनाले पनि यो तालिमलाई महत्वका साथ लिइएको हो ।

### बालबालिकाहरुलाई अभिमुखीकरण

बाल विकास बालक्लवको समन्वयमा बालक्लवका पदाधिकारीहरुलाई एच आइ भी एड्स तथा अन्य असुरक्षित यौन सम्बन्धबाट हुने खतराको बारेमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । सोही कार्यक्रममा बालबालिकालाई खुलेर छलफल गर्ने वातावरण तयार गरिएको थियो । छलफलमा बालबालिकाहरुलाई असुरक्षित यौन सम्बन्धका असरहरु र परिवार नियोजनका साधनहरुको बारेमा छलफल गराइएको थियो । साथै एच आइ भी एड्सबाट पर्ने असरहरुको बारेमा समेत छलफल गराइएको थियो । यस कार्यक्रमले हामीलाई धेरै फाइदा गर्ने र उपयोगी पनि रहेको कुरा बताएका थिए ।

## सडक नाटक


इँटाभट्टामा कार्यरत बालबालिकाहरुको संरक्षण परियोजना अन्तर्गत काभ्रे जिल्लास्थित रोसी गाँउपालिकामा बाल दुर्व्यवहार तथा बालश्रमको बारेमा सडक नाटक तयार गरी प्रदर्शन गरिएको थियो । उक्त नाटकबाट बालदुर्व्यवहार तथा बालश्रमका विरुद्धमा सबै एक जुट भएर लाग्नु पर्ने र सोही अनुसार आफ्नो ठाउबाट भूमिका निर्वाह गर्नुपर्ने सन्देश प्रवाह गरिएको थियो ।

**गाविन्द वि क/प्रदिप श्रेष्ठ**



शैक्षिक सामग्री ग्रहण गर्दै बालिका

## रोशी........



शुभकामना छ रोशी नदी तिमीलाई
बधाइ छद रोसी विद्यालय हजुरलाई
धन्यवाद छ रोशी बाङ्यम प्रतिष्ठानलाई
आभारी छु रोशी क्लव र साप्ताहिक पत्रिकालाई
भगवान एक रुप अनेक अनेकौ छौ
काम एक गर्दछौ अनेक क्षेत्र भइ
सधै सेवामा समर्पित लाग्नु रोशी तिमी
सम्मान गर्दछौ हजुरहरुको कामलाई हामी

**रोमन वि क (काभ्रे)**

## नेपाली श्रमिक...

अवस्था भने गम्भीर रहेको छ । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले वैदेशिक रोजगारमा गएका ३ सय ३५ जना नेपाली विभिन्न देशका जेलमा २० जना नेपाली कोमामा रहेको जनाए । विनियोजित बजेटमाथि उठेका प्रश्नको जवाफ दिँदै परराष्ट्रमन्त्री ज्ञवालीले उक्त तथ्याङ्क सार्वजनिक गरेका हुन् । सबभन्दा बढी साउदी अरेवियामा २ सय २९ जना जेलमा छन् भने दुबईमा ६३, बैंककमा ३९, बहराइनमा ९, चीनमा ३ जना रहेको बताइएको छ । बैदेशिक रोजगारीका क्रममा मृत्यु भएका नेपालीहरुको शव ल्याउन क्रम जारी रहेको छ ।

## सहमतिमा...

समूहको बैठक शुक्रबार र शनिबार काठमाडौंमा बस्दै छ । इपिजी बैठकले साझा प्रतिवेदन बनाइ दुवै सरकार सामु प्रस्तुत गर्नेछ । यसपल्टको बैठकलाई अन्तिम रुप दिनेबारे दुवैतर्फका इपिजी सदस्यहरुबीच छलफल भइरहेको समाचार प्राप्त भएको छ ।

बैठकमा सन् १९५० को नेपाल-भारतबीच भएको शान्ति तथा मैत्री सन्धिका केही बुँदा र भारतले राख्दै आएको व्यापार पारवहन, सीमा सुरक्षासम्बन्धी चासोमा सहमति जुटेको खण्डमा साझा प्रतिवेदन बन्नेछ । यदि सहमति जुट्न नसके प्रबुद्ध समूहको म्याद फेरि थपिनेछ । नेपालका तर्फबाट इपिजी सदस्य बनेका डा. राजन भट्टराईले आगामी बैठकलाई अन्तिम बनाउने तयारीमा रहेको बताएका छन् ।

इपिजी बैठकमा नेपालले सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धिका बुँदालाई मूल रुपमा उठाउँदै आएको छ । नेपालका राजनीतिक दल तथा स्वतन्त्र नागरिकले यो सन्धिलाई असमान सन्धि मान्दै आएको छ । सन्धि हुँदाको अवस्था र अहिलेको अवस्थामा ठूलो परिवर्तन आएकाले यसको समयानुकूल परिमार्जन हुनुपर्ने अथवा खारेज गरेर नयाँ सन्धि हुनुपर्ने माग नेपालको रहेको छ । सन् १९५० जुलाई ३१ म भएको नेपाल भारतबीचको शान्ति तथा मैत्री सन्धिले नेपालको सार्वभौमिकतामाथि नै अप्ठ्यारो पारिरहेको छ । भारतको सहमतिबिना नेपालले कुनै पनि सैन्य उपकरण हातहतियार खरिद गर्न सन्धिले रोकेको छ । राजा वीरेन्द्रको पालामा २०४५ सालमा चीनबाट केही हतियार नेपाली सेनाको लागि खरिद गर्दा भारतले नाकाबन्दी लगाएको थियो । यही नाकाबन्दीको सेरोफेरोमा भएको पहिलो जनआन्दोलनले पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था आएको थियो ।

भारत नेपाललाई सधैं आफ्नो सुरक्षा छाताभित्र राख्न चाहन्छ । सन्धिको आडमा नेपाली सेनाको आधुनिकीकरणको बाधक समेत भारत बनिरहेको छ । त्यसैगरी भारतले विभिन्न ठाउँमा गरेका सीमा अतिक्रमणका विषय प्रबुद्ध समूहका बैठकमा परेका छैनन् । कालापानी सुस्ता लगायतका विषयमा पनि खुलस्तसँग छलफल हुन आवश्यक छ । पछिल्लो चरणमा त्रिदेशीय नाकाको रुपमा रहेको नेपाली भूभाग लिपुलेकमा समेत भारत चीनको हस्तक्षेप भएको छ । भारतले गरेका सीमा अतिक्रमण र हस्तक्षेपको फेहरिस्त लामै हुन्छ । सबै विषयको टुंगो लागे मात्र नेपाल भारतबीचको मित्रता खुलस्त रुपमा अभिवृद्धि हुनेछ ।

## ओलीको...

थियो । समुद्री बन्दरगाहमा बेइजिङ नजिकको बन्दरगाह साङगढी बन्दरगाह र गोन्जाओ नजिकको बन्दरगाह रहेका थिए । सुख्खा बन्दरगाहमा सिज्यान जहाँबाट चीनको सिपेंचबराबरबोट नजिक पर्छ । अर्को पाकिस्तानको खर्गोस भएर जाने पाकास्कर र सिज्यानबाट जाने करिडोर जुन पाकिस्तानसँग जोड्छ, यो सुख्खा बन्दरगाह पाकिस्तानसँग जोडिने भएकाले भारतले मन नपराएकै कारण ओलीले प्रोटोकलमा हस्ताक्षर नगरेको बुझ्न सकिन्छ । यातायात र पारवहन सन्धिमा हस्ताक्षर हुनुले ओलीको चीन भ्रमण औपचारिकतामा मात्र सीमित भएको देखिन्छ ।

सन् १९६० मा चिनियाँ प्रधानमन्त्री चाओएनलाइ र बीपी कोइरालाले हस्ताक्षर गरेको शान्ति तथा मैत्री सन्धिलाई केही वर्षअघि २१ औं शताब्दीको समयानुकूल हुने गरी समृद्ध बनाउने प्रस्ताव चीनले गरेको थियो । जब भारतसँगको सन् १९५० को शान्ति तथा मैत्री सन्धि पुनरावलोकन गर्ने विषय अघि बढिरहेको बेला चीनसँगको शान्ति तथा मैत्री सन्धिको विषयमा पनि चर्चा उठ्नु पर्थ्यो । यदि चीनसँग नयाँ शिराबाट शान्ति तथा मैत्री सन्धि गर्न नेपालले सकेको भए त्यो भारतलाई पनि पाठ हुन सक्थ्यो । तर ओलीले यस विषयमा पहिले भारतसँग छलफल गर्ने अनि चीनसँग सम्झौता गर्ने सोच बनाएको प्रस्ट हुन्छ ।

नेपाल र भारतबीच सुपुर्दगी सन्धि भएको छैन । तैपनि भारतबाट नेपालले, नेपालबाट भारतले अपराधी पक्रने र सुम्पने गरिरहेका छन् । भारतले सुपुर्दगी सन्धि गर्न नेपाललाई दबाब दिँदै आएको छ । चीनले पनि सुपुर्दगी सन्धिको प्रस्ताव गरेको छ । यसमा सहमति भए पनि नेपाल र चीनबीच हस्ताक्षर हुन सकेन । चीनसँग सुपुर्दगी सन्धि गर्न ओलीले भारतलाई पर्खिए । नेपालले तेस्रो देशका नागरिकलाई पनि भारतलाई बुझाउनुपर्छ भनेर नयाँदिल्लीले भनिरहेको छ । कुनै पनि व्यक्ति पक्राउ परेपछि अदालतमा मुद्दा चल्छ र सम्बन्धित देशमा पठाउनुपर्छ न कि भारत । यस विषयमा विवाद भएका कारण भारतसँग सुपुर्दगी सन्धि हुन सकेको छैन । त्यस्तै नेपालले भारतसँग बिप्पा सम्झौता गरेको छ । चीनसँग बिप्पा सन्धि गर्ने भनेर 'ड्राफ्ट' भइसकेको छ । तर पनि चीनसँग किन बिप्पा सम्झौता हुन सकेन ? चीनको तीव्र आर्थिक वृद्धि, विश्व बजारमा बढेर गएको एकाधिकार, सैन्य शक्तिको विकास र विस्तारका कारण भारत चीन सामु नतमस्तक बन्न पुगेको अवस्था छ । भारतीय प्रधानमन्त्री मोदीले दुई वर्षमा १४ पटक चीनको भ्रमण मात्र गरेका छैनन्, चिनियाँ राष्ट्रपति सीलाई समेत भेटेका छन् । उनीहरुका बीचमा नेपालको भूमि साधन र स्रोत भरपुर प्रयोग गर्ने जेन्टल एग्रिमेन्ट भएको बुझ्न सकिन्छ । भारतले एकलौटी दोहन गर्दै आएको नेपालको साधन, स्रोत र भूगोलमाथिको एकाधिकारलाई चीनले तोडेर आफ्नो हिस्सा खोज्दैछ ।

चीनको नेपालमा पहिलो चासो भनेको सुरक्षा संवेदनशीलता नै थियो । नेपालले एक चीन नीतिप्रति आफू प्रतिबद्ध भन्दै आएको छ । तर व्यवहार फरक पाएको छ चीनले । दलाई लामाको लाजिम्पाटस्थित सम्पर्क कार्यालयलाई राजा ज्ञानेन्द्रले बन्द गराएका थिए । तर गणतन्त्र आएपछि त्यसलाई खुला गरिएको छ । भारतको मेकलोडगञ्जस्थित धर्मशालामा बसेर दलाई लामाले निर्वासित सरकार नै चलाइरहेका छन् । अमेरिका लगायत क्यानडा, डेनमार्क, ब्रिटेन थुप्रै युरोपेली देशहरुमा दलाईको निर्वासित सरकारका दूताबासहरु रहेका छन् । लाजिम्पाटस्थित सम्पर्क कार्यालय लामाको निर्वासित सरकारको अघोषित दूताबास समेत हो । यस कार्यालयका प्रतिनिधि निर्वासित सरकारका राजदूत हुन् । दलाईले युरोपेली देशहरुमा दूताबास खोलेर आफ्ना प्रतिनिधि राखे पनि चीनका डरले ती देशहरुले मान्यता दिएका छैनन् ।

मुखले एक चीन नीति भन्ने अनि तिब्बत अलग राज्यका लागि लड्ने दलाई लामाको सम्पर्क अफिस निर्वाध चलाउन दिएपछि चीनले नेपाललाई कसरी विश्वास गर्छ ? नेपालको एक चीन नीतिमा अमेरिकाको हस्तक्षेप रहेको छ । जसलाई नेपाल सरकारले तोड्न सकेको छैन । तिब्बतबाट आएको कुनै व्यक्तिलाई संयुक्त राष्ट्र संघ अन्तर्गतको युएनएचसीआरमा लगेर बुझाइन्छ । युएनएचसीआरले खुला रुपमा तिब्बती विद्रोहीहरुको संरक्षण गर्दै आएको छ । नेपालमा रहेका भुटानी शरणार्थीहरुलाई अमेरिका लगायत अन्य देशहरुमा पठाइयो, भुटान जान दिइएन । तर नेपालमा रहेका तिब्बती शरणार्थीहरु जो दलाई लामाको कार्ड खेल्छन्, यिनलाई किन सधैं नेपालले राखिरहन्छ ? तिब्बती शरणार्थीहरुलाई बेलाबेलामा दलाई लामाले चीनका विरुद्ध परेड खेलाइरहेका छन् । जुन कुरा चीनले पटक्कै मन पराएको छैन ।

नेपालप्रति चीन चासो विशेषतः तिब्बत नै हो । भारतको कास्मिर, श्रीलंकाको जाफ्ना जस्तै नेपालको सुरक्षा चासो अहिले तराई बन्दै गएको छ । अमेरिका लगायत पश्चिमा शक्तिहरु चीनको मानचित्रबाट तिब्बतलाई टुक्र्याएर चीनलाई कमजोर बनाउन चाहन्छन् । यसका लागि नेपाली भूमिको प्रयोग उपयुक्त ठानेका छन् । चीन नेपालमा आफ्ना विरुद्ध कुनै अन्तर्राष्ट्रिय हर्कत नहोस् भन्ने चाहन्छ । त्यसका लागि चीन रेलमात्र होइन तेल पनि दिन तयार छ । तर चीन तेल भण्डारणको कुरा गर्छ ओली भने भारतबाट तेल लाइन ल्याउँछन् मात्र होइन इन्डियन आयल कर्पोरेसनलाई नेपालभित्र पेट्रोलपम्प खोलेर तेल बेच्न छुट दिन्छन् । रसुवागढीमा चीनले रेल ल्याउनुको अर्थ नेपालका लागि मात्र होइन, भारतको उत्तराखण्ड, उत्तरप्रदेश र विहारमा रहेको ठूलो जनसंख्यालाई चीन आफ्नो उत्पादन पठाउन चाहिरहेको छ । उसले रसुवागढी नाकालाई दक्षिण एसियाको द्वारका रुपमा लिएको छ ।

## दाँते...

काठमाडौंमा एक भेटघाट कार्यक्रमको आयोजना गरेको थियो । सो कार्यक्रममा सोसाइटीका अध्यक्ष सुरेन्द्र ढकाल, उपाध्यक्ष हरिबोल थापा, सचिव शैलिनी ढकाल लगायत कार्यकारी सदस्यहरु शारदा मोक्तान, सुधिर पण्डित, वेनीमैया हैजु तथा ज्योति शर्माको उपस्थिति रहेको थियो । रात्रि भोजपश्चात अन्त्य भएको कार्यक्रममा अध्यक्ष ढकालले सबैलाई कार्यक्रममा स्वागत गर्नुभएको थियो

## महिलाका...

कांग्रेसका अध्यक्ष राहुल गान्धीले प्रतिवेदन सेयर गर्दै ट्विट गरेका छन्- हाम्रा प्रधानमन्त्री योगको भिडियो बनाउन ब्यस्त छन् । अर्को तर्फ महिला विरुद्धको हिँसा तथा बलात्कारको मामिलामा भारतको स्थिति अफगानिस्तान, सिरिया र साउदी अरेबियाको भन्दा खराब भएको छ । यो हाम्रो देशका लागि कति लज्जास्पद कुरा हो ।

पश्चिमी देशमा शिर्ष १० स्थानमा अमेरिकामात्र परेका छन् । महिलाका लागि खतरनाक देशको सुचीमा १० औं स्थानमा अमेरिका परेको छ । पाकिस्तान सुचीमा ९ औं स्थानमा परेका छन् । सन् २०११ मा पनि थमसन-रोयटर्स फाउन्डेसनले यस्तै सर्वेक्षण गराएको थियो । त्यतिबेला नतिजामा अफगानिस्तान, कंगो, पाकिस्तान, भारत र सोमालियालाई महिलाका लागि सबैभन्दा खतरनाक देश बताइउको थियो । तर सन् २०११ मा भारतको लिस्टमा भारत पहिलो स्थानमा थिएन ।

विशेषज्ञहरुले भारतमा महिलाका लागि स्थिति अन्त्यन्त नराम्रो हुनु भनेको उनको सुरक्षाका लागि पर्याप्त प्रयास भएको छैन भने देखाएको बताएका छन् । निर्भया सामुहिक बलात्कारपछि महिलाको सुरक्षा मुद्दालाई भारतले प्राथमिकतामा राखेको देखिएको थियो तर मतसर्वेक्षणको नतिजा त्यसको ठीक उल्टो आएको छ । सरकारी आंकडाले सन् २००७ र २०१६को बीच महिलामाथि हुने हिँसाका मामिला ८३ प्रतिशतले बढोत्तरी भएको र यस क्रममा हरेक ४ घण्टामा एक महिला बलात्कारको सिकार हुने गरेको बताए ।

महिलाको तस्करीको मामिलामा भारत, लिबिया र म्यान्मारको नाम सबैभन्दा माथि रहेको छ । बषौं सम्म युद्धको त्रासदी झेलिरहेका अफगानिस्तान, सोमालिया र सिरिया महिलाका लागि खराब स्वास्थ्य सेवा तथा युद्ध सम्बन्धी हिँसामा सबैभन्दा माथि परेका छन् । पाचौ स्थानमा परेको साउदी अरेबियामा हालैका दिनमा केहि सुधार भएको तर त्यो पर्याप्त नभएको विशेषज्ञहरुले बताएका छन् ।

अमेरिकाको नाम पहिलो १० देशमा आउनुको एउटा प्रमुख कारण ह्यासमीटु अभियान भएको बताइएको छ । यस सर्वेक्षणमा प्रश्नको जवाफ दिनेहरुमा सहायताकर्मी, स्वास्थ्य कर्मचारी, शिक्षा क्षेत्रका विशेषज्ञ, एनजिओमा काम गर्ने, निति निर्माता र सामाजिक मुद्दाका विज्ञहरुलाई सलंग्न गराइएको थियो ।

## डीडीसी...

लगायतका दुग्ध उद्योगका दुधमा कोलिफर्म फेला परेको हो । त्यसैगरी, हिमालय डेरी लगनखेल (डेली यूएचटी), दुग्ध विकास संस्थान (डीडीसी), एचडी मिल्क एन्ड वेभरेज काठमाडौं (गोधूली),कान्तिपुर फ्रेस मिल्क (रातो र नीलो), नवप्रभात डेरी गोदावरी (नव प्रभात), नेपाल डेरी धापाखेल (एन्डिज), कन्ट्री फुड प्रालि भक्तपुर (नोभा), राजधानी डेरी काठमाडौं (आरडीसी), सुजल डेरी थानकोट (सफल), सञ्जीवनी डाइटी उद्योग भक्तपुर (सञ्जीवनी), शिवम् डेरी भक्तपुर (शिवम), सीताराम डेरी कीर्तिपुर (कृष्ण), हिमालय डेरी प्रडक्ट लगनखेल (टुडे), तुलसा डेरी प्रालि काठमाडौं (तुलसा), संयुक्त डेरी पाटनको (एस), कालिका डेरी भक्तपुर (कालिका) र जगदम्बा डेरी, भक्तपुर रहेको मन्त्रालयले जनाएको छ ।

## नेपालमा...

बढी आकर्षक हुन सक्छ । प्रस्तावित बाग्मती रेल्वे कम्पनी लिमिटेड (बीआरसीएल) सार्वजनिक यातायात तथा कार्गो सेवा दिन सार्वजनिक-निजी वित्त मोडेलअन्तर्गत स्थापित हुन लागिरहेको छ । यस कम्पनीले अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धात्मक मान्यता प्राप्त कम्पनीसँग रणनीतिक सम्बन्ध बनाउनेछ । कम्पनीको रणनीतिक व्यापारिक ध्यान आर्थिक रुपमा प्रभावकारी मूल्य, वातावरणमैत्री, तथा द्रुतगतिको सेवा नेपालमा दिने रहेको छ ।

### सार्वजनिक तथा निजी क्षेत्रका सहकार्य संरचना

सम्भाव्य अध्ययन गरिसकेपछि सरकारले तोकेको दुरी र स्थानमा आधुनिक रेल सेवाको लाइन, स्टेसन र अन्य पूर्वाधार निर्माण, विकास डिजाइन, निर्माण, वित्त, सञ्चालन र हस्तान्तरण (डीबीएफओटी) मोडेलमा विकास गर्न निजी क्षेत्रलाई नेपाल सरकारले खुला प्रतिस्पर्धा वा पहिले आउनेलाई पहिलो ग्रायता दिने विधिबमोजिम आयोजना हस्तान्तरण गर्न सक्ने प्रावधान राखेको छ ।

सहुलियत सम्झौता गरिसकेपछि, निजी सञ्चालकले सार्वजनिक तथा निजी क्षेत्रको सहकार्यमा आधुनिक रेल सेवासम्बन्धी व्यावसाय गर्न विशेष उद्देश्य वाहन (स्पेसल भेइकल प्रपोज इन्टिटी) अन्तर्गत एक छुट्टै कम्पनी स्थापना गर्नुपर्नेछ । यस्तो कम्पनी स्थापना गर्दा आधुनिक रेल सेवासम्बन्धी अनुभव प्राप्त विदेशी कम्पनीहरुसँग संयुक्त साझेदारिमा पब्लिक लिमिटेड कम्पनीका रुपमा स्थापित गर्नुपर्नेछ ।

सहुलियत सम्झौताअनुसार, नेपाल सरकारले तोकेको स्थान र सहुलियत समयसीमा अवधिभित्र आधुनिक रेल सेवाको लाइन, स्टेसन र अन्य पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्भारका लागि निजी सञ्चालक जिम्मेवार हुनेछ । परियोजनाका लागि आवश्यक भूमि (निजीबाहेक) प्रायजसो सरकारले निर्माण र व्यावसाय सञ्चालन सम्झौता अवधिसम्मका लागि निःशुल्क वा सशुल्क आयोजनामा उपयोग गर्नका लागि अनुमतिको प्रमाणपत्र प्रदान गर्नेछ ।

सार्वजनिक तथा निजी साझेदारी मोडेलमा आधुनिक रेल सेवा क्षेत्रमा लगानी गर्दा सरकार वा सरकारको नोडल एजेन्सी र निजीक्षेत्रको जोखिम र लाभका लागि केही भूमिकाहरु हुन्छन् । जसअन्तर्गत आयोजनामा सरकारको नोडल एजेन्सीको भूमिका रहनेछ भने सरकारले सरकारले सम्भाव्यता अध्ययन आफैं गर्नेछ । आयोजनालाई आवश्यक पर्ने जमिन सरकारले निःशुल्क वा न्यून शुल्कमा आयोजना अवधिभरिका लागि कानुनी प्रक्रिया पुरा गरी उपलब्ध गराउने जिम्मा पनि सरकारले लिनेछ ।

यदि कुनै वातावरणीय सुरक्षा, संरक्षित क्षेत्र र वन विभागको स्वीकृति आदि सबै आवश्यकीय परमिटहरु सरकारले उपलब्ध गराउने प्रावधान राखिएको छ । त्यसै गरी, सरकारले आवश्यकताअनुसार सम्भाव्यता न्यून परिपूर्ति कोष (भीजीएफ) वा अन्य तेस्तै खालका सुविधा उपलब्ध गराउन र रेलवे पारवाहन सेवा शुल्कमा थप शुल्क लगाउन सक्ने व्यवस्था गरिएको छ ।

आयोजनामा आवश्यक लगानी भने निजी क्षेत्रले आफैं जुटाउनुपर्नेछ । सहुलियत आयोजनाका लागि तोकेको बैंक जमानत दिनुका साथै विकास वा अन्य आवश्यक शुल्क सरकारले तोकेको अख्तियार प्राप्त निकायलाई बुझाउनुपर्ने आयोजना निर्माण र सञ्चालन गर्न सक्ने वित्तीय रुपमा सक्षम रहेको प्रमाण पेश गर्नुपर्नेछ ।

निजी क्षेत्रले आयोजनाको निर्माण, वैज्ञानिक तरिकाबाट पूर्वाधार, मेसिनरी उपकरण र अन्य विविध साधन र स्रोतको मर्मत, सम्भार र सुरक्षा प्रदान गर्नु र पारवहन सम्बन्धी आवश्यक सेवा सुविधाको व्यवस्थापन तथा, सम्झौता अवधि समाप्तिपछि नेपाल सरकारलाई परियोजना हस्तान्तरण गर्नुपर्नेछ ।

### बजार विश्लेषण

कुशल रेल परिवहन आर्थिक वृद्धि र विकासका लागि एक महत्वपूर्ण उत्प्रेरक हुन सक्छ । रेल्वे परिवहनले व्यापारलाई प्रोत्साहित गर्न सक्छ । यसले उत्पादन स्थलबाट क्षेत्रीय तथा अन्तर्रार्ष्ट्रिय बजारलाई जोड्छ, क्षेत्रलाई राष्ट्रिय तथा अन्तरदेशीय व्यावसायिक एकीकरण गर्न प्रोत्साहन गरेर श्रम बजार, शिक्षा, स्वास्थ्य सेवा आदिमा पुग्नलाई सुविधा प्रदान गर्दछ । तसर्थ रेल परिवहन सडक मार्ग वा हवाइ यातायात सेवाभन्दा प्रायःजसो इन्धनमा किफायती हुन्छ । रेल परिवहनमा लगानी कम कार्वन उत्सर्जन गर्ने परिवहन रणनीतिको एक महत्वपूर्ण तत्व हो ।' रेल्वे यात्री र माल परिवहन बजारको विकासको गति माल भाडाभन्दा अधिक भएको छ, यात्री परिवहनको आयको अनुपात लगातार कुलआयमा बढिरहेको छ, जुन अन्तर्राष्ट्रिय जमिन यातयात बजारका लागि महत्वपूर्ण छ ।

हाल अधिकांश सार्वजनिक यातायात र मालवाहक साधन दुवै राजमार्ग हुँदै आउनेगरेका छन् । वीरगन्जदेखि काठमाडौंसम्म यात्रुवाहक बसहरुले ७ देखि ८ घण्टा लगाउछ, साथै, मालवाहक गाडीहरुलाई भने १० देखि १२ घण्टा लाग्ने गरेको छ । काठमाडौंदेखि वीरगन्जसम्म रेल्वे लाइन निर्माणपश्चात, परिवहन खर्च धेरै कम हुनेछ । जसले भारतबाट इन्धनको आयत धेरै कम हुनेछ ।यात्री र कार्गो सेवालाई तिव्रगति सेवा दिनुका साथै अन्तर्राष्ट्रिय सम्बन्ध जोडनेछ । यसले भारतीय पर्यटक १० गुनाभन्दा बढी वृद्धि हुनेछ । सोही समयमा बजार विस्तारसंगै दक्षिण एसियाली देशहरुमा प्रतिस्पर्धात्मक रुपमा वस्तु तथा सेवाहरु उत्पादनमा नेपाली जनतालाई प्रोत्साहन पनि मिल्नेछ । भारतीय रेल्वे मार्गसँग नेपालको रेल्वे जोडिनासाथ नेपालको पर्यटन, व्यापार वाणिज्यमा स्वत तीव्रता आउन थाल्नेछ । जसका कारण रेल्वेले पनि आयमा थप वृद्धि गर्दै लानेछ ।

## आयोजनाको अनुमानित लागत

यस आयोजनाका लागि कुल १ खर्ब ३६ अर्ब ४० करोड रुपियाँ पुँजीगत र सञ्चालन लागत आवश्यक पर्दछ । आयोजनाका लागि प्रस्तावित लगानी कुल १ खर्ब ९ अर्ब १२ करोड रुपियाँको मुख्य स्रोत बैंक ऋण हो । रेल्वेको सुरुङमार्ग निर्माणको लागत अनुमान भने भारतको जम्मुकश्मिरस्थित ७२.९१ किलोमिटर लामो कटरादेखि धरम खन्ड युयसबीआरएल आयोजनासँग तुलनात्मक अध्ययनको आधारमा गरिएको छ ।त्यसै गरी, समतल भूमिमा निर्माण गरिने ट्र्याकको लागत अनुमान भने नाइजेरियन् रेल्वे आयोजनाको लागतलाई आधार मानि गरिएको छ । प्रस्तावित आयोजनाको बैंक लोनका लागि सुरक्षणका रुपमा आयोजनाको सम्पत्ति नै जमानत राखिनेछ ।

## बिक्रीबाट अनुमानित आम्दानी

आयोजनाको अनुमानित आय प्रत्येक दिन १०,००० यात्रुले वातानुकूलित कुर्सीयानमा ३६५ दिन यात्रा गर्ने छन्, जहाँ प्रत्येक व्यक्तिको भाडादर ५५० रुपियाँ एकोहोरो दर तोक्दा पहिलो वर्ष वार्षिक २ अर्ब हाराहारी आम्दानी हुने र प्रत्येक वर्ष ३ प्रतिशतले ५ वर्षसम्म आम्दानी बढ्ने अनुमान गरिएको छ ।त्यसै गरी मालसामान ढुवानी ५०,००० टन दैनिक ३६५ दिन नै १०० देखि १२० किलोमिटर २.२ रुपियाँ प्रतिकिलो दरमा पहिलो वर्ष र २ प्रतिशतको वृद्धि हरेक वर्ष पाचौं वर्षसम्म निरन्तर हुने अनुमान गरिएको छ ।

शुरुमा कम्पनीका लागि ४०० देखि ५०० कर्मचारी आवश्यक पर्नेछन् । जसमध्ये केही दक्ष र अनुभवी कर्मचारी अन्तर्राष्ट्रिय बजारबाट कम्पनीको आवश्यकताअनुरुप भर्ना गर्नुपर्ने हुन्छ । सबै तहका प्राविधिकहरुलाई छोटो समयावधिको ट्रेनिंग कम्पनीले प्रदान गर्नेछ । जसका कारण मानव संशाधन विकासमा कुनै ठूलो मात्रामा व्ययभार पर्ने छैन किनकि कम्पनीले आगामी केही वर्षसम्म निकट निगरानी राखी काम गर्ने उद्देश्य राखेको छ । कम्पनीले बजारको मागअनुसार आउने वर्षहरुमा ज्यालादारीमा कर्मचारी लिनेछ ।

## राष्ट्रिय आर्थिक मूल्यांकन

रेल्वे सेवा अन्तरदेशीय यातायातको जहाँ मानिस र मालसामान ओसारपसार गर्न उत्तम विकल्पका रुपमा एक निश्चित मार्ग प्रयोग गर्ने एक वाहन तर बहुउपयोग गरिने साधन हो । प्रायःजसो, रेल्वे परिवहन सडक यातायातको तुलनामा निकै इन्धन किफायती छ ।' अमेरिकामा, रेल्वे परिवहन सडक यातायातको तुलनामा ६३ प्रतिशत किफायती पाइएको छ । इन्धनको बचतको साथसाथै, त्यसका अलावा अन्तरदेशीय एउटा रेलले एकै पटकमा सयौं टन मालसमानका साथै थुप्रै यात्रुहरु ओसारपसार गर्न सक्छ जो सञ्चालन लागतका हिसाबले पनि मितव्ययी देखिन्छ ।

त्यसै गरी, रेल्वे सेवाले यात्रा समय कम गर्न, सडकको भिडभाड कम गर्न, हावाको प्रदूषण र कार्बनडाइअक्साइड उत्सर्जन कम गर्न मद्दत गर्छ र दुर्घटनाबाट हुने हानी कम गरेर महत्वपूर्ण सार्वजनिक लाभ उत्पन्न गर्छ । यदि अन्तरशहर रेल सेवाको माग अधिक छ, भने सरकार अरु थप राजमार्ग बनाउने लागत खर्चबाट बच्न सक्छ, जसले गर्दा समग्रमा उर्जामा किफायत गर्न मद्दत गर्नेछ । कहिलेकाही रेल परिवहन लामो दुरीको आवादीका लागि गतिशीलताका एक मात्र उत्तम साधन हो ।

नेपाल विकासशील राष्ट्र हो । अब, नेपाल सरकारले ठूलाठूला आयोजनाहरुमा प्रशस्त लगानी गर्न गइरहेको छ । नेपालमा राजमार्ग, रेल्वे, जलविद्युत् आयोजनाहरु, पुलपुलेसा, सामुदायिक आवास, व्यापार परिसरहरु, सुरुङहरुको विकास गर्नु जरुरी छ । अहिलेसम्म, मध्यम तथा ठूलाठूला आयोजनाहरुका साथै पूर्वाधार निर्माणमा विदेशी कम्पनीहरुले काम गरिरहेका छन् ।

वर्तमान अवस्थामा, नेपालमा कुनै एउटा ठुलो अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रतिस्पर्धी निर्माण कम्पनी छैन । यस्तो अवस्थामा कुनै ठुलो मेगा परियोजना निर्माणले स्वदेशमै हाम्रा आफ्ना मानिसहरुलाई प्रशस्त रोजगारी सिर्जना हुनेछ । यस्ता आकर्षक पूर्वाधार विकासमा लगानी गर्न सबैको ध्यान जान जरुरी छ । किनकि यी अनि यस्तै पूर्वाधार विकासले राज्यको अर्थतन्त्रलाई मजबुत बनाउने हो ।

अझै पनि बजेटको एउटा ठूलो हिस्सा विदेशी कम्पनी र सल्लाहकार (कन्सल्टेन्ट)को हातमा गइ रहेको छ । आफ्नै निर्माण कम्पनी स्थापना गरी आयोजनाहरु अघि बढाउने हो भने दक्षतापूर्वक काम सम्पन्न, पुँजी पलायनमा रोकका लागि आफ्नै गार्हस्थ उत्पादनमा योगदान हुने हुनाले राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक गुणक प्रभाव देखा पर्न थाल्दछ ।

तत्काल यस्ता ठूलाठूला आयोजनामा गरिने लगानीले ऋण भार थपिन गई राज्यलाई आर्थिक घाटाको अर्को एउटा बोझ थपिन जान्छ । त्यसैले सार्वजनिक चासोका यस्ता पूर्वाधार विकास चयन गर्दा प्राथमिकताका आधारमा गर्नु जरुरी हुन्छ ।

त्यो पूर्वाधार आयोजना निर्माणको छोटो समयमा नै फाइदा दिने र त्यस्ता राष्ट्रिय महत्व भएका पूर्वाधार परियोजनाहरुसँग समिश्रण गर्नुपर्दछ, जसले दीर्घकालमा राम्रो प्रतिफल प्रदान गर्नेछन् । दीगो लाभ दिने पूर्वाधार विकासक्रम स्वीकार गरिनुपर्छ र राष्ट्रिय निर्माण कम्पनीलाई काम गर्ने अवसरहरु दिनुपर्ने देखिन्छ ।

*श्रोत : राष्ट्रिय योजना आयोग अध्ययन प्रतिवेदन*

## साहित्यकारहरुलाई सम्मान गरिने

काठमाडौं । विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले नेपाली भाषा साहित्यको क्षेत्रमा विशिष्ट योगदान दिने प्रतिभाहरुलाई सम्मान गर्ने भएको छ । प्रतिष्ठानका महासचिव पुकार तिम्सिनाका अनुसार असार १६ गते शनिबारका दिन घट्टेकुलो काठमाडौंस्थित सामुदायिक भवनको हलमा कार्यक्रम आयोजना गरिने भएको छ । प्रतिष्ठानले वरिष्ठ साहित्यकार कृष्णा धराबासी, चर्चित गीतकार सुवासचन्द्र ढुंगेल, साहित्यकारहरु भवानी क्षेत्री, इलया भट्टराई, खेम नेपाली, गोविन्द गिरी प्रेरणा, रामकृष्ण आचार्य तथा गोधुली साहित्यिक प्रतिष्ठानलाई सम्मान गरिनेछ ।

उक्त दिन 'समय सन्दर्भका नारी' नामको कथासंग्रहको विमोचन गरिनुका साथै कविता वाचन लगायतका कार्यक्रम प्रतिष्ठानले आयोजना गरेको छ । दिनको १ बजेदेखि सुरु हुने कार्यक्रममा प्रतिष्ठानको तर्फबाट सम्पूर्ण साहित्यानुरागीलाई हार्दिक निमन्त्रणा गरिएको छ ।

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001 JAS-ANZ
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np